# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**बिर्तासिटी हस्पिटल**
बिर्तामोड, झापा



वर्ष : २५ अंक : १९ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ मसिर २८ *(December 13, 2020)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-


# कांग्रेसद्धारा बिरोध प्रदर्शनको तयारी तीव्र



**– सन्दर्भ समाचारदाता**

भद्रपुर । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संवर्द्धनसहितका विविध माग राख्दै यही मंसीर २९ गते देशब्यापी विरोध प्रदर्शनको घोषणा गरेको नेपाली कांग्रेसले तयारी तीब्र पारेको छ । देशभरका ७७ वटै जिल्लामा गरिने प्रदर्शनको तयारी झापामा पनि तीब्र पारिएको हो । प्रदर्शनको तयारी स्वरुप आज झापाका भातृ तथा शुभेच्छुक संघ संस्थाहरुको जिल्लास्तरीय भेला विर्तामोडमा सम्पन्न भएको छ ।

कांग्रेस झापा मातहत रहेको भातृ संस्था समन्वय समितिका संयोजक देउकुमार थेवेको सभापतित्वमा सम्पन्न भेलाले आ-आफ्नो पहिचान झल्कने झण्डा र ब्यानरसहित प्रदर्शनमा सहभागिता जनाउने निर्णय गरेको छ । भेलामा नेपाल महिला संघ सभापति सुशिला ढकाल, नेपाल चिया बगान श्रमीक संघका केन्द्रीय सभापति दीपक तामाङ, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष यज्ञप्रताप अधिकारी, नेपाल तरुण दलका सभापति गोपाल तामाङ, नेपाल किसान संघ झापाका अध्यक्ष राजेन्द्र भटराई, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, आदिबासी/जनजाति संघका अध्यक्ष चन्दन मेचे, दलित संघ केन्द्रीय सदस्य सुन्दरा लुहागुन, झापा अध्यक्ष दलबहादुर विश्वकर्मा, नेपाल मुस्लिम संघका केन्द्रीय सदस्य सर्फरा शेख, झापा अध्यक्ष अमिन अलि शेख, नेपाल शिक्षक संघ अध्यक्ष नेत्र खरेल, नेपाल सांस्कृतिक संघका उपाध्यक्ष सञ्जीव चापागाई, नेपाल भूतपूर्व सैनिक संघका सचिव भगिमान गुरुङ, नेपाल विद्यार्थी संघका सचिव नारायण नेपाल लगायतको सहभागिता रहेको थियो ।

यसैगरी भेलामा नेपाल निर्माण तथा सम्बद्ध श्रमीक संघका अध्यक्ष सम्फी दास, नेपाल माछा ब्यापार श्रमीक संघका अध्यक्ष सोनालाल शाह, नेपाल रिक्सा चालक संघका हसिबु शेख लगायत विभिन्न भातृ तथा शुभेच्छुक संस्थाका केन्द्रीय सदस्य, पदाधिकारी र जिल्ला सदस्यहरुको सहभागिता रहेको थियो ।

यसैबीच प्रदर्शनको तयारीका लागि झापाका १५ वटै स्थानीय तहका १३१ वटै वडामा वार्ड भेला सम्पन्न भएको छ । नेपाली कांग्रेस झापाको गत २१ गते सम्पन्न बैठकले वार्ड तहमा खटाएका जिल्ला प्रतिनिधिको सहभागितामा वडा कार्यसमितिको बैठक तथा भेला सम्पन्न भएको हो ।

कनकाई नगरपालिकाको सुरुङ्गाबाट शुरु भई सदरमुकाम केन्द्रीत हुने प्रदर्शनको पूर्वतयारीकालागि बसेको बैठकले सम्पूर्ण क्रियाशील सदस्य तथा आमलोकतन्त्र प्रेमी महानुभावमा सहभागिताका लागि अपिल पनि गरेको छ । प्रदर्शनको तयारीका लागि गाउँ, नगर र प्रदेश क्षेत्रीय समितिको संयुक्त बैठक मंसिर २५ गते हुने नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार मंसिर २७ गते क्षेत्रीय समितिको बैठक सम्पन्न हुनेछ । कोभिड-१९ नियन्त्रण, परिक्षण र उपचारमा सरकारले देखाएको उदासिनता, अकर्मण्यता एवं स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितता, भ्रष्टाचारको विरोध, गत मंसिर १७ गते तनहुँमा कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलमाथि सरकारकै निर्देशनमा भएको अभद्र ब्यवहार र दमनको विरोध तथा अविलम्ब संसद बैठक बोलाउन माग गर्दै देशब्यापी प्रदर्शनको तयारी गरिएको कांग्रेस झापाका सभापति उद्धव थापाले जानकारी दिनुभयो । सदरमुकाम केन्द्रीत हुने सो विरोध प्रदर्शनमा १५ हजार बढीको सहभागिता गराउने लक्ष्यसहित तयारी थालिएको जनाइएको छ ।

# प्रदेश नं. १ को नाम कोच प्रदेश हुनुपर्ने



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । प्रदेश नं. १ लाई कोच प्रदेश घोषणा गर्नु पर्ने र कोच समुदायबाट मन्त्री बनाईनु पर्ने मागसहित हस्ताक्षर संकलन अभियान थालिएको छ । झापा, मोरङ र सुनसरीमा जनस्तरबाट संचालन गरिने त्यस अभियानबाट एक लाख हस्ताक्षर संकलन गरी कोच प्रदेश घोषना गर्नु पर्ने र मंन्त्री बनाईनु पर्ने आधारपत्रसहित प्रदेश सरकारलाई बुझाउने कार्यक्रम रहेको कोच प्रदेश दस्तावेज मस्यौदा समितिका संयोजक विद्यानन्द राजवंशीले बताए । आगामी पुष १५ गतेसम्म हस्ताक्षर संकलन गरिसक्ने लक्ष्य रहेको छ । त्यसका लागि प्रत्येक स्थानीय तहमा टोली खटाइएको संयोजक राजवंशीले जानकारी दिए । कोच प्रदेशको नामकरणसँगै १ नं. प्रदेश सरकारमा कोचको एकजना मन्त्री अनिवार्य गरिनु पर्नेसमेत आफूहरुको माग रहेको उनले बताए । 'किरात , लिम्बुवान सबैको प्रतिनिधित्व सरकारमा भइरहेको अबस्थामा कोचहरुको पनि अनिवार्य प्रतिनिधित्व हुनुपर्छ'उनले भने ।

१ नं. प्रदेशलाई कोच प्रदेश नामकरण गर्नका लागि ऐतिहासिक आधार प्रमाणसहितको आधार पत्र तयार गर्न कोचिला राष्ट्रिय मुक्ति मोर्चाले गत अरोज २७ गते ९ सदस्यीय कोच प्रदेश दस्तावेज मस्यौदा समिति गठन गरेको थियो ।

समितिले ४४ पृष्ठको आधार पत्र तयार पारेको छ । संकलित हस्ताक्षर र आधार पत्र एकैपटक मुख्यमन्त्री शेर धन राईलाई बुझाउने कार्यक्रम रहेको संयोजक राजवंशीले जानकारी दिए । अबको सातौं हिउँदे अधिवेशन अघि नै सो माग बुझाउने कोचहरुको योजना छ ।

# लैङ्गिक हिंसामुक्त समाजका लागि आफूबाटै शुरुवात गर्न जोड



**–तुलसीप्रसाद निरौला**

बिर्तामोड । लैङ्गिक हिंसा न्यूनीकरण र मानव अधिकार रक्षाका लागि सबै सरोकारावाला चनाखो हुनुपर्नेमा जोड दिइएको छ । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान र अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका सन्दर्भमा झापाको बिर्तामोडमा आयोजित छलफलमा स्थानीय सरकारका उपप्रमुख तथा महिला नेतृहरुले यस्तो बताएका हुन् । हिंसापीडितलाई न्याय दिलाउने प्रक्रियामा पीडकको पक्षबाट राजनीतिक तथा समूहगत दवाब झेल्नु परेको उनीहरुले बताए ।

बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईं, अर्जुनधारा नगरपालिकाकी उपप्रमुख कमला खतिवडा आचार्य र कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाईंले न्याय सम्पादन गर्ने कार्यमा धेरै दवाब र चुनौति झेल्नु परेको बताए । राजनीतिक पूर्वाग्रह, डर, धम्की, लोभबाट माथि उठेर न्याय दिलाउन आफूहरु प्रतिबद्ध रहेको उनीहरुले बताए राजनीतिक लगायतका दवाब, प्रभाव एकातिर छ भने पीडितले न्याय माग्न अझ डराइरहेको अवस्थाले पनि न्याय सम्पादनमा चुनौति खडा भएको बताइएको छ ।

लैङ्गिक हिंसा तथा मानव अधिकार उल्लंघनका घटना बढिरहेको प्रति छलफलमा सहभागीले चिन्ता व्यक्त गरे । महिला नेतृहरुले हिंसापीडितलाई न्याय दिलाउनका लागि कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिए । राजनीतिक पूर्वाग्रहबाट मुक्त भएर सरकारका प्रतिनिधिले न्याय दिलाउनुपर्ने उनीहरुले बताए । हिंसा न्यूनीकरणका लागि सचेतना, कानूनी शिक्षा, अभिवृद्धि, हिंसापीडितका लागि सेफ हाउस निर्माण, पीडितलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्नेमा सहभागीको जोड थियो ।

छलफलमा एबीसी नेपाल झापा शाखाकी अध्यक्ष कञ्चना ढकाल सिटौला, नारी कल्याण संघ झापाकी अध्यक्ष प्रेमा भट्टराई, मेची -महाकाली बुहारी आवाज झापाकी संयोजक शिखा खड्का गणेश, नेपाल महिला संघकी उर्मिला ढकाल पोखरेल, वीरता लेडी जेसीजकी अध्यक्ष सुष्मा भण्डारी पौडेल, लाइन्स क्लव अफ बिर्तामोड लेडीकी अध्यक्ष उर्मिला विमली खरेल, बिर्तामोड उद्योग वाणिज्य संघकी उपाध्यक्ष पार्वता खरेल विमली, महिला मुक्ति अभियान झापाकी अध्यक्ष राधा सुब्बा, राष्ट्रिय आदिवासी जनजाति महासंघकी माया गुरुङ, अर्जुनधारा नगरपालिकाकी बोर्ड सदस्य सकुन्तला बराल, शान्ता श्रेष्ठ लगायतले सबैखाले हिंसाबाट मुक्त गरी सामाजिक न्याययुक्त समाज निर्माणमा जोड दिए ।

संवाद समूह झापाले संयोजन गरेको छलफलमा चार बुँदे साझा निष्कर्ष समेत निकालिएको छ ।

साझा निष्कर्षमा लैङ्गिक हिंसा नियन्त्रण रोकथामका लागि स्थानीय सरकारहरुले विभिन्न संघ-संस्था एवम् सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने, लैङ्गिक हिंसा न्यूनीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिने, सरोकारवालाबीच निरन्तर छलफल तथा लक्षित वर्ग समुदायमा सचेतना अभिवृद्धि गर्ने, लैङ्गिक हिंसा नियन्त्रण र रोकथामका लागि कनकाई, बिर्तामोड र अर्जुनधारा नगरपालिकाले आफ्ना पालिकामा र पालिका अन्तर्गत रहेका सुरक्षा प्रशासन, सामाजिक संघ-संस्थासँग समन्वय गरी पर्न आएका लैङ्गिक हिंसाका उजुरीबारे तथ्यांक लिने, संघ-संस्था लगायतका सरोकारवालाले सहयोग गर्ने र सबैको सहकार्यमा अघि बढ्ने, कम्तिमा महिनामा एकदिन पालिकामा उपप्रमुख/उपाध्यक्षसँग हिंसापीडितको गुनासो, सुनुवाई कार्यक्रम गर्न पहल गर्ने रहेका छन् ।

महिलासँगै पुरुष, पारालिङ्गी पनि उत्तिकै हिंसापीडित रहेको कार्यक्रममा बताइयो । दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, पिछडावर्ग, अपाङ्गता भएका, शिक्षाको चेतनाले पछि परेका, आर्थिक रुपमा विपन्नहरु बढी मात्रामा हिंसापीडित भएको समेत औल्याइएको छ लागूपदार्थ तथा मादकपदार्थ सेवन, वैदेशिक रोजगार लगायतका कारण पनि हिंसा बढेको बताइएको छ । परिवर्तन र लैङ्गिक हिंसामुक्त अभियान हरेकले आफू र आफ्नो परिवारबाट शुरु गर्नुपर्नेमा उपप्रमुख तथा महिला नेतृहरुको जोड थियो । सामाजिक न्याययुक्त समाज निर्माणमा सबै लाग्नुपर्नेमा उनीहरुले अपिल गरे । कार्यक्रमको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।




**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

## जनहितमा जारी सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**



- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**रोश्नी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०





**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता

## सम्पादकीय

### समृद्ध भद्रपुरका लागि गुणस्तरीय काम हुनु पर्दछ

वि सं २००८ सालमा नगरपालिकाका रूपमा घोषणा भएको भद्रपुर नगरपालिका पूर्वको सवल नगरका रूपमा चिनिने जेष्ठ नगरपालिका थियो । यो इतिहाँस वि सं २०३० साल पछाडि सवलताको सट्टा दुर्वल नगरमा परिवर्तित हुँदै गयो । कारण खोजी गर्ने हो भने भद्रपुरको दुर्वलतासित पूर्व पश्चिम राजमार्गको छाँया जोडिन आउँछ । उत्तरमा भारतसित जोडिने मेची पुल बन्नु अनि पूर्व पश्चिम राजमार्गले पनि छुन नसक्नु भद्रपुर नगरको आर्थिक उन्नति घटेर नगरबाट गाउँ उन्मुख शहरमा सिमित बन्नु परेको इतिहास छ । हुन त भद्रपुर जस्तै नियतिमा परेका नेपालका तराइ भित्रका २० वटा शहरहरू पनि रहेको तथ्य जिवित नै छ । १२ फिट भन्दा कम चौडाइ भएका सडक निर्माण गरिएका भद्रपुर नगर समयान्तरमा गाउँको स्ततमा पुगेको हो । यस नगर लगायत तराइका पुराना शहरहरुलाई मृत स्वरुपको नियतिबाट मुक्त गर्न स्तर उन्नतिका लागि पहिलो आधारका रूप सडक विस्तार र स्तरीकरण गर्ने सोचका साथ सघन शहरी विकास योजना ल्याइएको थियो । सघन शहरी विकासको काम नै साना साँघुरा सडकहरूलाई फराकिला र ठूला बनाउने हो । तर यस्तो जनसरोकारको काम गर्ने गराउने जिम्मेवारी लिएका निकायहरू पारदर्शी र जनप्रिय बन्न सकेनन् । परिणाम आफ्ना घर अगाडि बन्दै गरेका सडकका पर्खालहरू प्रश्नै प्रश्नका घेरामा पारेर नगरबासी बस्न बाध्य भएका छन् । घर अगाडिका सडकका निर्माणले स्थानीयलाई खुसी भन्दा पिर बढाइरहेको छ । अस्तव्यस्त सडक, गुणस्तरहीन पर्खाल, कालोपत्रे जस्ता संरचनाले जुनसुकै बेला दुर्घटना हुने चिन्ता स्थानीयमा परिरहेको छ ।

भद्रपुर नगरलाई आधुनिक शहरका रूपमा विकास गर्ने लक्ष्य लिएर गएको चार आर्थिक वर्षबाट सुरु भएको सघन शहरी विकास कार्यक्रम अन्र्तगत सडक विस्तार योजनाहरू गुणस्तर विवादमा परेका छन् । ५ वर्ष भित्र नगरका सवै सडकहरू आधुनिक शहरको मापदण्ड अनुसार स्तरीय भइसक्ने विश्वास लिइएको यस आयोजनाले दीर्घकालिन लक्ष्य पूरा गर्न सक्नेमा आशंका पैदा गराएको छ । यस आयोजना अन्र्तगत अघिल्ला चार आर्थिक वर्षमै काम सुरु भएका केही सडक स्तरीकरण योजनाका नाली निर्माण तथा कालोपत्रेका कार्य सुरुवात चरणमा नै विवादमा आए पनि राजनीतिक सहमतिमा रातारात मिलाएर कमिसन बाँडेको आरोप भद्रपुरका दलहरुलाई लागेको थियो । त्यतिबेला पहिलो पटक चन्द्रगढीको लेखनाथ चौकदेखि महेशपुरको मन्त्री चौकसम्म जोड्ने भद्रपुर नगरको फाष्टट्र्याकका रूपमा परिचित यो सडकको नाली बन्दा बन्दै ढल्यो ।

गुणस्तरको आवाज उठाउने स्थानीय नागरिक विचरा भएर आफ्ना घर अगाडिका कमजोर सडक संरचना हेर्न बाध्य बन्नु परेको थियो । अहिले तेस्रो र चौथो चरणमा निर्माण भइरहेका सडक नालीको काम स्तरहिन भएको आवाज उठ्न थालेको छ । यस कार्यक्रम अन्र्तगत ६ वटा प्याकेज भित्र २५ वटा योजनाका कामहरू पक्की नाला निर्माण सहित सडक विस्तार भइ रहेको छ । भद्रपुर नगरमा सडक विस्तारका काम गरिरहेका ठेकेदार कम्पनीलाई कमसल निर्माण सामग्री प्रयोग गरेको, तोकिएको अनुपातमा पर्खाल नलगाएर साँघुरो शैलीमा काम गरिरहेको, ढलान गर्दा गिटी, बालुवा र सिमेन्टको परिणाम नमिलाएको, कालोपत्रे गर्दा अलकत्रोको परिणाम कम लगाएको आरोप लागेको छ । तर ठेकेदार कम्पनीका पक्षधरहरू सघन शहरी विकास तथा भवन निर्माण डिभिजनको निर्देशनमा गुणस्तरीय काम गरिरहेको जनाउँ दिइ रहेका छन् । बन्दा बन्दै सडकका नालाका पर्खाल चर्किरहेको, कालोपत्रे उक्किएका दृष्यले गुणस्तरहिनताको पुष्टि गरिरहेको छ । नियामक कता हराए ? पचासौं वर्षको यात्रा झेल्ने सडक नाली दुईचार वर्षमै ढल्ने, कालोपत्रे एक वर्ष पनि नटिक्ने गरी निर्माण भइरहँदा गुणस्तरीयता खोजिनु पर्दैन त ? कमिसनमा होइन विकास निरन्तरताका लागि हो । नियामक इमान्दार भएर हेर । गुणस्तरीयता कायम राख । अनि मात्र सघन शहरी विकास हुन्छ । जनताको पहिलो सरकार भद्रपुर सरकारको नजर परेको पनि निर्माण स्थलमा देखिदैन । सडक निर्माणमा एक रूपता नहुने कारण नगर प्रशासनको उदासिनता हुन सक्छ ।

यस्तै अवस्था रहने हो भने यो आयोजनाको औचित्य विकासका लागि भन्दा पनि राज्य कोष दोहनका लागि मात्र हुने प्रष्ट छ । यसैले दिगो विकासका लागि तोकिएको मापदण्ड र गुणस्तर अनिवार्य कायम गर । समृद्ध भद्रपुरका लागि सडक स्तरीकरण अपरिहार्य आवश्यकता हो तर मापदण्ड अनुसारको गुणस्तरसहित सकड बनिनु पहिलो शर्त हुनु पर्दछ ।

# नेपाली जनताले मुलुकको राजनीतिक यात्रा र गन्तव्यका बारेमा पुनर्विचार गर्नु जरुरी



– कमल थापा

नेपालको संविधान २०७२ जारी भएपछि पहिलोपटक सम्पन्न प्रतिनिधिसभाको निर्वाचन भएको करिब ३ वर्ष पुरा हुन लागिरहेको छ । एक दशक लामो हिंसात्मक द्वन्द र त्यसपछि अकी दशवर्ष लामो अस्थिरता र अराजकतापूर्ण संक्रमणको पीडा भोगेका जनताले नयाँ संविधानअनुसार निर्वाचन सम्पन्न भएपछि तथा जनादेश अनुसार नयाँ सरकार गठन भएपछि देशमा दिगो शान्तिको स्थापना हुने, प्रजातन्त्र बलियो हुने, राजनीतिक स्थिरता कायम रहने र देश आर्थिक समृद्धिको दिशातर्फ उन्मुख हुने आशा गरेका थिए ।

यही आशा र बिश्वासका साथ उत्साहप्रद ढंगबाट चुनावमा सहभागी भएका नेपाली जनता फेरि निराश हुन बाध्य भएका छन् । राजनीतिक स्थिरताको निमित्त जनताले नेपाल कम्युनिष्ट पार्टीलाई अत्यधिक बहुमतले विजयी गराएका थिए । झण्डै दुईतिहाइ बहुमतका साथ नेकपाको नेतृत्वमा शक्तिशाली सरकार गठन भएको थियो । तर, दुर्भाग्यवश गत ३ वर्षको अवधिमा जनताले कुनैपनि क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति गर्न पाएनन् ।

कोरोना भाइरसको अत्यन्तै खतरनाक र डरलाग्दो महामारीबाट विश्व समुदाय अहिले पीडित रहेकोछ । नेपाल पनि यो महामारीबाट प्रभावित र पीडित रहेको छ । निश्चय पनि यो महामारी कुनै राजनीतिक दल वा सरकारले खडा गरेको समस्या होइन । तर महामारीबाट पीडित रहेको अवस्थामा स्वभावतः आफूले निर्वाचित गरेको सरकार, राजनीतिक दल एवं नेताहरुमाथि जनताले ठूलो आड भरोसा राखेका हुन्छन तर नेकपा नेतृत्वको वर्तमान सरकारले कोरोना महामारीबाट पीडित नेपाली जनतालाई राहतको अनुभूति दिन सकेन । 'सरकार छ, सरकारले हेर्छ, चिन्ता गर्नुपर्दैन' भन्ने भरोसा सरकारले दिन सकेन । कोरोना नियन्त्रणमा सरकार पूर्णरुपले असफल सावित भएको छ । सरकारको उपस्थिति जनताले महसुस गर्न पाएका छैनन् ।

अकीतर्फ महिलाविरुद्धको हिंसा केही बर्षयता नेपालमा व्यापक हुँदै गैराखेको छ । सरकारले यो समस्याको समाधानमा पनि प्रभावकारी उपस्थिति देखाउन सकेन । कन्चनपुर, महेन्द्रनगरकी १३ वर्षीय बालिका निर्मला पन्तको बलात्कार र हत्याका अपराधीहरुलाई सरकारले अझै कानूनको कठघरामा उभ्याउन सकेको छैन ।

नेपालमा भ्रष्टाचार अहिले डरलाग्दो महारोगको रुपमा देखा परेको छ । लोकतन्त्रको आवरणमा सीमित राजनीतिक दलका सीमित नेताहरुले व्यापारी र कर्मचारीहरूको 'त्रिकोणात्मक गठबन्धन' तयार गरेर हरेक क्षेत्रमा ब्रह्मलुट गरिराखेका छन् । स्थानीय तहदेखि केन्द्रसम्म अनियन्त्रितरूपले अनियमिता र भ्रष्टाचार व्यापक भएको छ । भ्रष्टाचार र ब्रह्मलुटलाई नियन्त्रण गर्ने, अनुसन्धान गर्ने, कारवाही गर्ने निकायहरू नै सरकारको लाचार छायाँ बन्न पुगेका छन् ।

यद्यपि, राज्य संयन्त्र माथि आफ्नो कब्जा जमाएर निहित राजनीतिक स्वार्थ परिपूर्ति गर्ने प्रवृत्ति नेपाली राजनीतिमा विगत केही वर्षदेखि निरन्तर चलिआएको छ । तर, यस कार्यलाई नियन्त्रण गर्नुको सट्टा राज्यसंयन्त्रलाई प्रभावित गर्ने, नियन्त्रण गर्ने र दुरुपयोग गर्ने कार्य वर्तमान सरकारको कार्यकालमा अझ बढी योजनाबद्ध र संस्थागतरुपमा भइरहेको छ । संवैधानिक निकायहरु हुन् वा प्रशासनिक संयन्त्र, कुटनैतिक क्षेत्र होस् वा शैक्षिक क्षेत्र, न्यायपालिका होस् वा सुरक्षा अंग, प्रायः सबै ठाउँहरुमा पार्टी समर्थित व्यक्तिहरू भर्तीगर्ने र उनीहरूको माध्यमबाट निहित स्वार्थ पुरा गर्न प्रोत्साहित गर्ने 'सर्वसत्तावादी' प्रवृत्तिको नेपालको इतिहासमा अहिले सर्वाधिक हावी भइरहेको स्पष्ट देख्न सकिन्छ ।

२०६३ सालमा बाह्य शक्तिको दवाव र प्रभावमा नेपालको सनातन हिन्दु राष्ट्रको पहिचानलाई समाप्त गरेपछि धर्मनिरपेक्षताको आडमा निरन्तर योजनाबद्ध र संगठितरुपले धर्मपरिवर्तन गराउने कार्य भइरहेको तथ्य सर्व विदितै छ । संगठितरूपमा नेपालको धार्मिक सांस्कृतिक क्षेत्रमाथि अतिक्रमण भइरहेको छ ।

अकीतर्फ, नेपालको परराष्ट्र नीति संचालनमा असन्तुलन देखिएको छ, हचुवापन हावि भएको छ। भारत र चिनसंगको सम्वन्धमा रणनीतिक संतुलन,समदूरी र असंलग्नता नेपालको अस्तित्वको आधार हो।तर, सत्तारुढ र प्रमुख प्रतिपक्षदलका अकर्मण्यता र गलत नीतिको परिणामस्वरूप अहिले नेपाल अन्तर्राष्ट्रिय शक्तिहरूको प्रतिस्पर्धास्थल बन्ने खतरा बढेको छ । नेकपा नेतृत्वको वर्तमान सरकारसँग भारत संवादहीन अवस्थामा पुगेको छ भने सरकार माथि अकी छीमेकी चिनको भरोसा पनि धर्मराएको अवस्था छ ।

यसप्रकार नयाँ संविधान जारी भएपछिको झण्डै आधा दशकको अवधि राष्ट्रिय हितको दृष्टिले निराशाजनक र प्रत्युत्पादक हुनपुगेको छ । राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक सबै क्षेत्र अहिले अस्तव्यस्त हुन पुगेका छन् ।

विद्यमान संकटबाट राष्ट्रलाइ मुक्त तुल्याउन अग्रणी भूमिका निर्वाह गर्नुपर्ने सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी विगत तीन वर्षदेखि निरन्तर सत्ताकेन्द्रित फोहोरी प्रतिस्पर्धामा संलग्न रहेको छ । नेकपाका आन्तरिक विवाद र संघर्षका घिनलाग्दा घटनाक्रमहरू विगत तीन वर्षदेखि राष्ट्रिय राजनीतिमा अविच्छिन्न मञ्चन हुँदै आइराखेका छन् ।

अकीतर्फ, प्रजातान्त्रिक व्यवस्थामा वैकल्पिक सरकारकोरुपमा रहेर सरकारलाई नियन्त्रणमा राख्ने र सरकारलाई जवाफदेही तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेस समेत लाचार र 'किं कर्तव्य विमुढ' को अवस्थामा रहेको छ । वास्तवमा मुलुकमा विद्यमान विकृति र विसंगतिको निमित्त जसरी सत्तारुढ दल नेकपा जिम्मेवार रहेको छ, त्यसैगरी त्यस्ता विकृति र विसंगतिहरु नियन्त्रण गर्न असफल भएर मात्र होइन, स्वयं आफू पनि त्यस्ता कार्यहरूमा सहभागी भएको कारण नेपाली कांग्रेसले आफ्नो संवैधानिक राजनीतिक जिम्मेवारी निर्वाह गर्न सकेको छैन । भ्रष्टाचार र ब्रम्हलूट गर्ने कार्यदेखि राज्यसत्ता माथि कब्जा गर्ने कार्यमा सत्तारुढ दल र प्रमुख प्रतिपक्ष दल दुवैले साझेदारी, भागवण्डा र सहमति कायम गरेका छन् ।

यस पृष्ठभूमिमा स्वाभाविक रूपले आमजनताको मन मष्तिक एउटा 'यक्षप्रश्न' बारम्बार उठ्ने गर्दछ ९आखिर किन यस्तो भइरहेको छ ? केही यी समस्याहरूको समाधान छैन ? के संकट, विकृति र विसंगति नेपाली जनताको नियति हो ?

नेपाली जनताको उक्त चिन्ता र चासो स्वभाविक छ । पटक-पटकका क्रान्ति, आन्दोलन, विद्रोह पछि आमूल परिवर्तनको सपना देखाएर सत्तामा पुगेका संवाहकहरू नै अन्ततः विकृति, संकट र ब्रह्मलुटका मूख्य पात्र बन्ने गरेका छन् ।

आखिर किन यस्तो प्रवृत्ति दोहोरीरहन्छ ?

जनताको सशक्त बहुमत प्राप्त गरेर सत्तारुढ भएको नेकपा विवाद र विभाजनको संघारमा पुग्न लागेको वर्तमान घडीमा उक्त प्रश्न फेरी एकपटक जनताको मन मष्तिष्कमा उठ्न थालेको छ। तर, उक्त प्रश्नको जवाफ खोज्दा सतहमा होईन, गहिराइमा पुगेर घटनाक्रमको समीक्षा र बिश्लेषण गर्नु उपयुक्त हुनेछ। कुनै पनि दलको विभाजनलाई उपयुक्त वा राम्रो मान्न सकिदैन। नेकपा पनि नफुटोस। आफ्नो अकर्मण्यता, अलोकप्रियता र असफलताको बोझले दलदलमा भासिएको नेकपालाई उनीहरूको बिश्वास र भरोसा नभएको भगवानले मात्र अब जोगाउन सक्छन् ।

यहाँ प्रश्न नेकपा वा नेपाली कंग्रेसको होइन । प्रश्न हरेक आमूल परिवर्तन पछि संगै गांसिएर आउने असफलता र प्रतिक्रान्तिसंग सम्वन्धित छ । वास्तवमा २००७ सालदेखि २०६२र६३ सम्म नेपालमा भएका सबै परिवर्तनका सुत्रधार र प्रायोजक वाह्य शक्ति, त्यसमा पनि मुख्य रूपले छिमेकी भारत रहँदै आएको वारे कुनै विवाद छैन। परिवर्तन पछि ती सुत्रधार वा प्रायोजकहरूले परिवर्तित सन्दर्भमा आफ्नो भूमिका वा योगदानको मूल्य असुल्न गरेको प्रयास एवं राष्ट्रिय आकांक्षा बिचको द्वन्दले पनि परिवर्तनलाई संस्थागत हुनबाट नकरात्मक ढंगले प्रभावित गर्ने गरेको तथ्य अस्वीकार गर्न सकिन्न ।

यसका अतिरिक्त २०६२र६३ को परिवर्तनको सन्दर्भमा भने केही फरकरूपमा पनि चिन्तन मनन हुनु जरुरी छ। नेपालमा २०६२र६३ मा भएको सडक संघर्षको आधार वा भावभूमि तत्कालीन भारतीय शासकवर्गको प्रत्यक्ष सहयोग संलग्नता र प्रायोजनमा दुई विपरीत गन्तव्यमा हिँडेका शक्तिहरू बिच नयाँदिल्लीमा भएको बाह्र बुंदे समझदारी थियो।हुनत सो बाह्र बुंदे समझदारी हुनु केही बर्ष अगाडीदेखि युरोपियन युनियन सम्बद्ध केही राष्ट्रहरूले धर्मनिरपेक्षता, गणतन्त्र र कथित 'पहिचानमा आधारित' संघीयताको पक्षमा माओवादी लगायत अन्य राजनीतिक शक्तिहरू, नागरिक समाज र बुद्धिजीवी वर्ग र आम संचारमाध्यममा आर्थिक र राजनीतिक लगानी गर्दै आएको तथ्य समेत स्पष्ट छ ।

उपरोक्त यथार्थबाट सुस्पष्ट हुन्छ-पहिलो, २०६२र०६३ को आन्दोलनको सुत्रधार र प्रायोजक भारतीय शासकवर्गका साथै पश्चिमा मुलुकहरु पनि थिए ।

दोस्रो, धर्मनिरपेक्षता, गणतन्त्र र संघीयता नेपाली जनताको मौलिक एजेण्डा थिएन ।

तेस्रो, माओवादी र संसदवादी दलहरूबीचको समझदारी अस्वभाविक र अप्राकृतिक थियो ।

उपरोक्त यथार्थको आलोकमा देशले हाल भोग्नुपरेको संकट र विकृतिको दिगो समाधान खोज्ने साहस गरिनु पर्छ । अन्यथा, तत्काल देखिएका लक्षणहरूको उपचारबाट मात्र समस्याको दीर्घकालीन समाधान हुँदैन ।

समस्याको वर्तमान चक्रव्युहबाट देशलाई मुक्त तुल्याउन व्यक्ति, दल वा सरकार परिवर्तनबाट मात्र संभव छैन। निश्चय पनि व्यक्ति,दल र सरकार दोषी हुन। तर, मार्गचित्र, अवधारणा र नीतिमा सुधार नगरेसम्म 'कस्मेटिक' परिवर्तनको कुनै अर्थ रहँदैन।

केपी ओलीको ठाउँमा प्रचण्ड, माधव नेपाल वा शेरबहादुर देउवा ल्याएर अथवा नेकपाको ठाउँमा नेपाली कंग्रेस वा अन्य कुनै अमुक दललाई स्थापित गरेर देशले संकटबाट निकास पाउँन सक्दैन ।

विगत चौध वर्षको राजनीतिक अभ्यासलाई दृष्टिगत गर्दै एकपटक फेरि नेपाली जनताले मुलुकको राजनीतिक यात्रा र गन्तव्यका बारेमा पुनर्विचार गर्नु जरुरी भएको छ ।

बिदेशीको दवाव र प्रभावमा बाह्रवुंदे समझदारी अनुरूप तयार गरिएको परिवर्तनको मार्गचित्रवारे पुनर्विचार गर्ने राष्ट्रिय सोच विद्यमान संकट समाधानको प्रस्थान विन्दु हुनसक्छ। साथै, धर्मनिरपेक्षता, गणतन्त्र र संघीयताको विकल्प खोज्ने वा उल्लेखित मान्यतावारे जनताको प्रत्यक्ष अभिमत बुझ्न जनमत संग्रहमा गर्ने वारे अब राष्ट्रिय बहस प्रारम्भ गरिनुपर्छ ।

# राजतन्त्र पुनरस्थापनाको अभियान कसरी फैलियो ?

डेढ वर्षअघि बुटवलमा भएको एउटा कार्यक्रममा पुरानो राष्ट्रिय गान "श्रीमान् गम्भीर नेपाली..." बजाएको आरोपमा दुई युवक पक्राउ परे । उनीहरूलाई त्यसबेला "अभद्र व्यवहार" गरेको आरोपमा मुद्दा



चलाइएको प्रहरीले बताएको थियो ।

राजसंस्था र हिन्दू अधिराज्य पुनरस्थापनाको माग गर्दै आएका ती युवकहरू पक्राउ परेपछि काठमाण्डौंको रत्नपार्कमा उनीहरूका साथीहरूले देशैभरि पुरानो राष्ट्रिय गान बजाउने अभियान चलाउने उद्घोष गरे । तिनै युवाको समूहले पूर्वराजा ज्ञानेन्द्र र रानी कोमलको तस्बिर अङ्कित टीशर्ट वितरण गर्न थाल्यो । टीशर्ट वितरणमा उनीहरूले "श्रीमान् गम्भीर नेपाली..." सँगै "जहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजारानी हुन्छ" भन्ने गीत पनि घन्काउँथे । यसरी ज्ञानेन्द्र र कोमलको तस्बिर अङ्कित टीशर्ट बाँड्दै हिँड्ने उक्त समूहले आफ्नो नाम "वीर गोर्खाली अभियान" राखेको छ ।

त्यो समूह २०७५ सालमा गठन भएको त्यसमा आबद्ध व्यक्तिहरूले बताउने गरेका छन् । कमल थापा नेतृत्वको तात्कालिक राष्ट्रिय प्रजातन्त्र पार्टीमा असन्तुष्ट बनेर बाहिरिएको बताउने केही युवाहरूले उक्त समूह सञ्चालन गरिरहेका छन् । गत वर्ष ज्ञानेन्द्र र कोमलको तस्बिर अङ्कित टीशर्ट वितरणबाट सुरु भएको 'राजसंस्थावादी'हरूको उक्त अभियानले अहिले देशका विभिन्न भागमा प्रदर्शनको रूप लिन थालेको छ । त्यसमा उक्त वीर गोर्खाली अभियान मात्र होइन, राजसंस्था पुनर्स्थापनाको माग गर्ने फरक(फरक समूहले आआफ्नै ढङ्गले प्रदर्शनहरू गरिरहेको देखिएको छ ।

अहिले देशका विभिन्न स्थानमा राजतन्त्र पुनर्स्थापनाको मागसहित प्रदर्शनहरू भइरहेका छन् । यी शृङ्खलाबद्ध प्रदर्शनको अगुवाइ "राजसंस्था र हिन्दू राज्य"को माग गर्दै आएका परम्परागत राजनीतिक दलहरूको साटो पहिले खासै पहिचान नबनाएका समूहहरूले गरेको देखिएको छ । विशेषगरी मुख्य सहरहरूमा युवाहरूले "राजा आऊ, देश बचाऊ"को नारा लगाउँदै मोटरसाइकल ऱ्याली निकालिरहेका छन् र ती गतिविधिहरू सामाजिक सञ्जालबाट व्यापक रूपमा प्रचारित छन् । राजसंस्था फर्काउने अभियानमा लागेकाहरूका भनाइमा "यसले अब आन्दोलनको रूप लिइसकेको छ ।"

यद्यपि गणतन्त्र पक्षधरहरू भन्छन्, यो वर्तमान सरकारले जनअपेक्षाअनुरूप काम गर्नु नसक्नुको असन्तुष्टिको अभिव्यक्ति हो र त्यसमा राजतन्त्र पक्षधरहरूले खेल्न खोजिरहेका छन् ।

देशका विभिन्न स्थानमा भएका प्रदर्शन हेर्दा फरक,फरक समूहको ब्यानरमा यस्ता गतिविधि भएको देखिएको छ । पछिल्ला प्रदर्शन शृङ्खलाको थालनी गत असोज २४ गते काठमाण्डूमा आयोजित 'वीर गोर्खाली अभियान'को कार्यक्रममार्फत् भएको उक्त अभियानका एकजना अभियन्ता सौरभ भण्डारी बताउँछन् । उनले भने, "प्रशासनको हस्तक्षेपका कारण त्यो कार्यक्रम हामीले सोचेको जस्तो हुन सकेन । लगत्तै दशैँ पनि आयो अनि हामीले केही समय कार्यक्रम रोक्यौँ ।"

त्यसपछि गत कात्तिक १७ गते उक्त अभियानले नै बुटवलमा मोटरसाइकल ऱ्याली निकाल्यो। त्यसमा ठूलै सङ्ख्यामा मानिसहरू भेला भएको बताइन्छ । त्यसयता विभिन्न ब्यानरमा राजसंस्था पुनर्स्थापनाको माग गर्दै प्रदर्शनहरू भएका छन् । राष्ट्रवादी नागरिक समाज, नेपाल विद्वत् परिषद्, स्वतन्त्र देशभक्त नेपाली नागरिक, पश्चिमाञ्चलवासी नेपाली जनता, नेपाल राष्ट्रवादी समूह, राष्ट्रिय शक्ति नेपाल, २०४७ को संविधान पुनर्स्थापना अभियानलगायतका आगुवाइमा प्रदर्शनहरू भइरहेका छन् । यद्यपि भण्डारीका भनाइमा यी सबैजसो प्रदर्शनमा उनीहरूले सङ्गठित गरेका युवाहरू सहभागी भइरहेका छन् ।

विभिन्न समूहहरूले त्यस्ता प्रदर्शन गर्ने गरेका छन् । मंसिर २१ गते शनिवार काठमाण्डूमा 'राष्ट्रिय नागरिक आन्दोलन' नामक संस्थाले प्रदर्शन गरेको छ भने देशका विभिन्न भागमा राजसंस्था पक्षधर अन्य समूहले प्रदर्शन गरेका छन् । कोरोनाभाइरस महामारीलाई देखाउँदै सरकारले यस्ता प्रदर्शन नगर्न र गरेका कारबाही गर्ने चेतावनी दिएको थियो । तर सरकारी चेतावनीलाई अवज्ञा गर्दै शनिवार देशका विभिन्न भागमा मोटरसाइकल ऱ्याली र प्रदर्शनहरू भएका हुन् ।

देशका विभिन्न भागमा भएका प्रदर्शनमा धेरै संस्थाको सहभागिता देखिए पनि आन्दोलनको नेतृत्व गर्ने कुनै एउटा शक्ति वा नेता नभएको स्वयम् प्रदर्शनकारीहरू



बताउँछन् । 'राष्ट्रिय नागरिक आन्दोलन'का संयोजक बालकृष्ण न्यौपाने भन्छन्, "यो नागरिकहरूको स्वतःस्फूर्त आन्दोलन हो । यसमा यो वा त्यो नेता भन्ने छैन । भोलि जनताले नेतृत्व तय गर्छ।"

नेपालमा राजसंस्था आवश्यक छ भन्ने वकालत गर्दै आएका पत्रकार तथा लेखक युवराज गौतम भन्छन्, "यो आन्दोलनमा नेता छैनन् तर नीति छ । त्यसैले गर्दा यसैबाट नेता उब्जिन सक्छ ।" उनी अहिलेका आन्दोलनकारीहरूलाई "राजसंस्था चाहिएको तर राप्रपा वा यस्तै कुनै राजसंस्थाको नाममा राजनीतिक फाइदा लिने दल नचाहिएको" बताउँछन् । देशैभरि अन्य संस्था र समूहले गरेका प्रदर्शनमा सहभागिता बढेको देखिएपछि राप्रपाले आफ्नै अगुवाइमा पनि जुलुस निकाल्न थालेको पाइएको छ । शुक्रवार मात्रै हेटौँडामा राप्रपाले जुलुस निकालेको थियो । जानकारहरूका अनुसार राजसंस्था पक्षधरको प्रदर्शनमा सहभागिता बढेपछि अहिले पूर्वराजावादीहरूमा आन्दोलनको नेतृत्व आफूले गरेको देखाउने होडबाजी पनि सुरु भएको छ ।

राजतन्त्र पक्षधरहरूले मुख्य रूपमा २०४७ सालको संविधानको पुनर्स्थापनाको माग उठाएका छन् । विभिन्न समूह र उपसमूहमा विभाजित उनीहरूमध्ये अधिकांशमा देखिएको समानता पनि यो

बाँकी पृष्ठ ४ मा

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# औषधिजन्य यौनहिंसा न्यूनीकरण : एक समस्या

**–डा लता गौतम, डा जया सत्याल**

२०७७ साउन २५ गते गोंगबु चोक, नवज्योति मार्गमा रगतले लतपतिएको सुटकेस फेला पर्‍यो । टाउको र खुट्टा बिनाको अन्दाजी ४०-४५ वर्षीय पुरुषको टुक्राटुक्रा भएको शव र त्यसको केही मिटर पर जेब्रा झोलामा टाउको र खुट्टा भेटिएको समाचारले नेपाली समाजको मन-मस्तिष्कमा त्रासको तरंग पैदा गर्‍यो ।

डिएफसी अर्थात्, औषधि प्रयोगजन्य अपराधको कुरा गरिरहँदा त्यो जघन्य आपराधिक घटनामा घटनाको योजनाकार अपराधीले निद्राजनक औषधि, खाद्यपदार्थ र पेय पदार्थको रुपमा प्रयोग गरी घटना गराएको देखियो भनी सञ्चारमाध्यमहरुबाट समाचार बाहिरियो । यस्ता औषधिजन्य पदार्थको प्रयोग गरी लुटपाट, चोरी, यौनजन्य हिंसा जस्ता अपराधिक घटनाहरु नेपाली समाजमा दिनदिनै बढ्दो छ ।

नेपालमा घट्ने कतिपय यौन हिंसाजन्य घटनाका ढाँचा र प्रकृति डिएफसीसँग सम्बन्धित देखिए तापनि धेरैजसो रिपोर्ट गरिएका त्यस्ता घटनाको समेत स्पष्ट पहिचान हुनसकेको छैन । विश्वमा नै प्राय निम्न तीन प्रकारको अवस्थामा डिएफसीजन्य घटनाहरु घटेको पाइएको छ ।

-पिडक पक्षले अल्कोहल वा ड्रगको प्रयोग गर्ने गरेको र त्यसको शरीरमा परेको नकारात्मक प्रभावका कारण आफू शक्तिशाली भएको अनुभव हुँदा घटेका घटना ।

-पिडक पक्षले पीडित पक्षको खाना वा पेय पदार्थमा निद्राजनक औषधिजन्य पदार्थको मिसावट गरेर घटाएका घटना ।

-पीडित पक्ष लागुऔषध वा अल्कोहल प्रयोगकर्ता भएको र त्यसको असर शरीरमा भएको बेला दोस्रो पक्षले मौकाको फाइदा लिई गरेका यौनजन्य हिंसा ।

सन् २०१९ मा एङ्गिलया रस्किन युनिभर्सिटी, युके र नेपालको अन्नपूर्ण अस्पतालले उपत्यकाका विभिन्न विद्यालय र कलेजका विभिन्न संकायका ४१८ जना सहभागीमा गरिएको सर्वेक्षणात्मक अनुसन्धानको परिमाणले देखिएको तथ्याङ्क अनुसार झन्डै ५३ प्रतिशत सहभागीले डिएफएसएजन्य घटनाको जानकारी आफूलाई नभएको, ३।४ प्रतिशत सहभागीले डिएफएसएजन्य घटनाका आफ्ना अनुभव बाँडेका थिए भने १४।९ प्रतिशत सहभागीले स्वयं आफूसँग डिएफएसएजन्य घटना नघटेको तर आफूले अरुसँग घटेको घटना देखेको बताएका छन् । त्यस्तै २।७ प्रतिशत पुरुष सहभागीले पनि आफूहरु डिएफएसएको शिकार हुनुपरेको बताएका छन् ।

सर्वेक्षणमा सहभागीहरुलाई औषधिजन्य यौन हिंसाको बारेमा कसरी जानकारी प्राप्त भयो भन्ने प्रश्नमा उपस्थित ७२ प्रतिशत सहभागीले इलेक्ट्रोनिक र प्रिन्टेड मिडियाबाट १६ प्रतिशत सहभागीले सामाजिक सञ्जाल, ६।७ प्रतिशतले स्कुल र कलेजबाट र ५।२ प्रतिशत सहभागीले परिवार तथा साथीभाइबाट भनेका छन् । त्यस्तै ५०।७ प्रतिशत सहभागीले डिएफएसएको प्रमुख कारक तत्व अल्कोहल, २०।४ प्रतिशतले बेन्जोडाइजिपिन समूहका औषधि, १६।१ प्रतिशतले गाँजा र १०।५९ प्रतिशतले क्लोरोफर्म प्रयोग हुने बताएका छन् ।

यसैगरी डिएफएसएजन्य घटना प्रायःकहाँ घट्ने गर्दछ भनी सोधिएको प्रश्नमा ५८।७ प्रतिशत सहभागीले सामाजिक र रमाइलो भेटघाट, १६।७ प्रतिशतले सुनसान र एकान्त ठाउँ, १४।६ प्रतिशतले सार्वजनिक ठाउँ, ८।५ प्रतिशतले जुनसुकै ठाउँमा, १।५ प्रतिशतले घरपरिवारमा हुने बताएका छन् ।


डा लता गौतम


डा जया सत्याल

डिएफएसएजन्य घटनाका पीडितहरु कोको हुन् भन्ने प्रश्नमा ३९।६ प्रतिशत सहभागीले जोखिम उमेर समूहका महिला, १३ प्रतिशतले लागुपदार्थ वा मदिरा सेवन गर्नेहरु, ६।५ प्रतिशतले भोजभत्तेर, पार्टी, डान्सबार जानेहरु, ०।९ प्रतिशतले हेरचाह वा स्याहारसुसार चाहिने व्यक्तिहरु, २।५ प्रतिशतले अस्वभाविक, भद्दा र उत्ताउला पहिरन/लुगा लगाउने मेकअप गर्ने महिलाहरु र १७ प्रतिशतले जोकोही र २०।४ प्रतिशतले महिलाहरु डिएफएसएको पीडित पक्ष हुने बताएका छन् ।

नेपालको कानुनमा डिएफएसए

हाम्रो देशको कानुनमा डिएफएसए सम्बन्धी प्रष्ट रुपमा कतै पनि उल्लेख भएको देखिँदैन । नेपालको संविधान २०७२ मा महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृति परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ भनिएको छ ।

अपराध संहिता, २०७४ (परिच्छेद-१८) मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए तापनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकाको करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर जस्ती करणी गरेको मानिने छ भन्ने उल्लेख छ । -करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्याउनमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन ।

-होस ठेगानामा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन (डिएफएसएजन्य यौन हिंसालाई संकेत गरेको)

-जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी कैद सजायको व्यवस्था छ । १० वर्षभन्दा कम उमेरकी बालिका भए १६-२० वर्ष कैद, १० वर्ष-१४ वर्ष उमेरकी बालिका भए १४-१६ वर्ष कैद, १४-१६ वर्ष उमेरकी बालिका भए १२-१४ वर्ष कैद, १६-१८ वर्ष उमेरकी बालिका भए १०-२० वर्ष कैद, १८ वर्षभन्दा माथि उमेर समूहका लागि ७-१० वर्ष कैद सजाय तोकिएको छ ।

-वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर जस्ती करणी गरेमा ५ वर्ष कैद हुने ।( एचआइभी तथा यौनरोग भएको अवस्थामा करणी गरेमा थप सजायको व्यवस्था छ ।)

-यौन दुर्व्यवहार कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था छ ।

-त्यस्तै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को व्यवस्था नेपालमा भए तापनि यसको प्रभावकारी कार्यान्वयन अझै हुन सकेको छैन ।

एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)

आर्थिक वर्ष २०६८/६९ देखि प्रधानमन्त्री कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा ओसिएमसी स्थापना गरिएको छ । हाल नेपालको ५५ जिल्लामा यो केन्द्र स्थापना भइसकेको छ । यो केन्द्रद्वारा स्वास्थ्य उपचार, चिकित्साजन्य प्रमाण संकलन एवं संरक्षण, मानसिक एवं मनोसामाजिक परामर्श, सुरक्षा, आश्रय, कानुनी उपचार, पुनर्स्थापना जस्ता सेवाहरु प्रदान हुन्छन् ।

आर्थिक वर्ष २०७६।०७६ सम्ममा १८,६०० लैंगिक (९४ प्रतिशत महिला र ६ प्रतिशत पुरुष) हिंसा पीडितले यो सेवा लिएको देखिन्छ । त्यसमध्ये ५४ प्रतिशत शारीरिक र घरेलु हिंसा, ३२ प्रतिशत यौनजन्य हिंसा र १३ प्रतिशतले मानसिक हिंसाका घटनाहरु छन् ।

औषधिजन्य यौनहिंसा न्यूनीकरण गर्न के गर्ने ?

विश्वमा नै हेर्ने हो भने यौनजन्य हिंसाका घटना अत्यन्त न्यून मात्रामा सम्बन्धित निकायमा जानकारी गराउँछन् । पीडितहरुको समयमा उद्धार नहुनु, पीडित पक्षमा आत्मविश्वासको कमी, समाजको डर, सरोकारवाला निकाय जस्तैः अस्पताल, प्रहरी प्रशासन, सरकारी वकिलबीच अर्थपूर्ण समन्वय र सहकार्य नहुनु, चिकित्साजन्य प्रमाण र प्रतिवेदन कमजोर हुनु, गोपनीयताको कमी, कमजोर प्रेषण प्रणाली, दक्ष र सिपयुक्त व्यक्तिको अभाव, स्थानीय तहमा ओसिएमसीको अनुगमन नियमन प्रभावकारी नहुने जस्ता कारणले गर्दा यौनजन्य हिंसाको न्यूनमात्र रिपोर्ट हुने र पीडित पक्षले उचित न्याय पाएको देखिँदैन ।

यसर्थ औषधिजन्य यौनहिंसा न्यूनीकरण गर्न सरोकोरवाला निकायको प्रभावकारी समन्वय, चेतनामुलक कार्यक्रमहरुको सामाजिक सञ्जाल, इलेक्ट्रोनिक वा प्रिन्टेड मिडियाबाट अझ बढी प्रचारप्रसार, किशोरकिशोरीलाई लक्षित प्रजनन् तथा यौन स्वास्थ्य, नैतिक शिक्षाको घर परिवारमा छलफल, बहस, विद्यालय, कलेजका पाठ्यक्रममा समावेश गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

त्यस्तै हरेक अविभावकले पनि आफ्ना छोराछोरीका हरेक गतिविधि र बढ्दो उमेरसँग बदलिने उनीहरुको आनीबानी, साथीभाइको सरसंगतप्रति निगरानी राख्ने, घरपरिवार भित्रै किशोरकिशोरीका कुरा सुन्ने आ-आफ्ना अनुभवहरु साटासाट गर्ने, उनीहरुका समस्या सुन्ने र समाधान गर्ने प्रयास गर्नुपर्छ । घटना घटिहाले कहाँ उजुरी गर्ने, कहाँ जाने, कानुनी समाधान, ओसिएमसीका बारेमा व्यापक जानकारी रेडियो टेलिभिजनका माध्यमबाट दिनुपर्छ भने अकीतर्फ ओसिएमसीले पनि आफ्नो प्रभावकारी उपस्थितिको आभाष पीडित पक्षलाई दिन सक्नुपर्छ ।

त्यस्तै घटना जानकारीका लागि २४सै घन्टा हटलाइनको व्यवस्था, प्रभावकारी ढंगबाट यौन तथा प्रजनन स्वास्थ्यको पठनपाठन, आफ्ना छोराछोरीसँग अभिभावकको साँझ-बिहानमा छलफल, संघ, प्रदेश र स्थानीय तहमा व्यापक रुपमा चेतनामुलक कार्यक्रम सञ्चालन, महिला विकास कार्यालय, मानव अधिकार आयोग तथा सिविन जस्ता संघसंस्थाको सशक्त भूमिकाबाट मात्र यस्ता यौन हिंसाको न्यूनीकरण गर्न सकिन्छ ।

यौनजन्य हिंसाका पीडित पक्ष महिला वा पुरुष जो पनि हुन सक्छन् । महिला हिंसाका बारेमा नेपालको कानुनमा व्यवस्था भए तापनि पुरुषहरु यौनजन्य हिंसाका पीडित पक्ष भएमा के गर्ने भन्ने विषय हाम्रो कानुनमा स्पष्ट रुपमा उल्लेख छैन । पछिल्ला दिनहरुमा विधि-विज्ञान विभागबाट गरिएका अध्ययन अनुसन्धान अनुसार १० प्रतिशत यौनजन्य हिंसाहरुमा ८२ प्रतिशत पीडित पक्ष महिला हुने र २८ प्रतिशत पुरुष पनि हुने पाइएको छ । यसर्थ, अब महिलासँग सम्बन्धित यौन हिंसासँगै पुरुष यौन हिंसाका विषयमा पनि नयाँ बहसको टड्कारो आवश्यकता छ ।

(डा गौतम युकेस्थित एग्लिया रस्किन विश्वविद्यालय र डा सत्याल अन्नपूर्ण न्युरो अस्पताल काठमाडौंमा कार्यरत छन् ।)

# अमिताभ बच्चन नयाँ फिल्ममा झुल्किँदै



**–एजेन्सी**

हिन्दी चलचित्रका सदाबहार सुपरस्टार अमिताभ बच्चन चाँडै नयाँ फिल्ममा देखिने भएका छन् । निर्देशक नाग आश्विनको नयाँ फिल्ममा तेलुगु भाषी फिल्मका सुपरस्टार प्रभास र दीपिका पादुकोणका साथ महानायक अमिताभ बच्चन पनि अभिनयमा देख्न सकिने भारतीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

झण्डै एक अर्ब रुपैंयाँ बजेटमा निर्माण हुनलागेको एक्शन फिल्मको छायांकन आउँदो महिना सुरु हुने बताईएको छ । यो मेगा बजेटको फिल्ममा काम सुरु गर्नु अघि अमिताभले आफूले सञ्चालन गरिरहेको टेलिभिजन शो कौन बनेगा करोडपतिको छायांकन सम्पन्न गर्नेछन् ।

कोरोना भाइरसको महामारीका कारण योवर्ष कौन बनेगा करोडपति निकै ढिलो सुरु भएको थियो । नयाँ तालिका अनुसार यो शो करिब एकमहिनापछि सकिने जनाईएको छ । यो शोका लागि अमिताभ महिनामा करिब २० दिन दिन छायांकन गर्छन् । उनी यसरी एक दिनमा दुइ एपिसोड छायांकन गर्छन् । कतिपय समयमा त उनी लगातार एक साता पनि छायांकन गर्ने गर्छन् । यसरी डिसेम्बरको अन्त्यसम्ममा उनले आगामी साता प्रदर्शन गर्ने कौन बनेगा करोडपतिको सिरियल तयार गरिसक्ने बताएका छन् ।

नाग आश्विनको यो फिल्ममा अमिताभको महत्वपूर्ण भूमिका रहने छ । यो फिल्ममा अभिनय गरेवापत उनले २१ करोड पारिश्रमिक लिने छन् । अमिताभले नाग आश्विनको यो फिल्ममा खेले वापत ठूलै रकम लिन लागेको भनी चर्चा पनि हुन थालेको छ ।












# म सभापतिको उम्मेदवार बन्न सक्छु–रामशरण महत



–डा. रामशरण महत

काठमाडौं । नेपाली कांग्रेसका नेता डाक्टर रामशरण महतले आफू पार्टी सभापति पदको सम्भावित उम्मेदवार भएको बताएका छन् । उपयुक्त समयमा निर्णय गरेर पार्टीको नेतृत्वमा उत्रिन सक्ने नेता महतको भनाई छ । केन्द्रीय सदस्य महत भन्छन्- 'पार्टीका कार्यकर्ता र साथीहरुले चाहेको खण्डमा म नेतृत्वमा आउन सक्छु । तर म मात्रै हुनुपर्छ भन्ने दावी मेरो छैन, पार्टीको नेतृत्व सम्भव भएसम्म निर्विरोध हुनुपर्छ भन्ने मेरो बिचार हो ।' पार्टीमा योगदान, वरियतामा वरिष्ठता र सरकारमा संलग्न भएको अनुभवका आधारमा आफू नै सभापति पदका लागि उपयुक्त पात्र भएको समेत उनले बताए । तर अहिलेदेखि 'यही चाहिन्छ' भन्दै अघि बढ्दा पार्टीमा गुटबन्दी हुने नेता महतको भनाई छ ।

यस्तै नेता महतले आफ्नो पार्टी नेपाली कांग्रेसले बलियो प्रतिपक्षको भूमिका निभाउन नसकेको पनि खुलेर चर्चा गरेका छन् । सरकारमा सुशासनको अभाव रहेको र भ्रष्टाचार मौलाउँदा पनि प्रतिपक्षको भूमिका गौण भएको भन्दै आफ्नै पार्टीको नेतृत्व र व्यवस्थापकीय पंक्तिलाई इङ्गित गरेर उनले आलोचना गरेका छन् । नेता महतले सरकारको मूल्यांकन पनि गरेका छन् । उनी भन्छन्- 'यो सरकार दाबी ठूलो ठूलो गर्छ, धाक ठूलो ठूलो दिन्छ, तर क्रियाकलाप चाहिँ धाक र दाबीको विपरित छ ।' नेता महतले संघीयता र देशमा बढ्दो राजावादी आन्दोलनको प्रसंगमा पनि स्पष्ट विचार व्यक्त गरेका छन् । उनले नेपालमा संघीयता मात्र नभएर विकेन्द्रीत संघीयता भएको हुँदा यसलाई 'पोलिटिकल सुपरस्ट्रक्चर'को रुपमा व्याख्या गरेका छन् । तर आर्थिक रुपमा धान्न मुस्किल पर्ने हुँदा व्यवस्थापनमा सुधार हुन जरुरी रहेको समेत बताएका छन् ।

बढ्दो राजावादी आन्दोलनको विषयमा भने नेता महत थोरै लचक देखिएका छन् । उनी भन्छन्- 'नयाँ पद्दति र नयाँ संविधानसँग जनताको ठूलो आस थियो । त्यो पूरा हुन नसकेकैले राजा फेरी चाहियो भन्ने आवाज सुनिएको हो । यी विरोधहरुका लागि सरकार जिम्मेवार छ । तर तत्काल‍ै सत्ता परिवर्तन गरिहाल्न जरुरी छैन ।' उनले नेपाली कांग्रेसकै नेतृत्वमा संविधान जारी भएको बताउँदै नेपाली कांग्रेसले नै संविधानको रक्षा र कार्यान्वयन गर्ने प्रतिवद्धता समेत जनाएका छन् । उनले आगामी आम निर्वाचन नेपाली कांग्रेसका लागि ठूलो अवसर भएको बताउँदै त्यसका लागि अहिलेदेखि नै तयारी गर्न जरुरी रहेको बताएका छन् ।

# सर्वोच्च शिखर सगरमाथाको नयाँ उचाइ

– सन्दर्भ समाचारदाता

भद्रपुर । विश्वको सवीच्च शिखर सगरमाथाको नयाँ उचाइ ८,८४८।८६ मिटर भएको मङ्गलवार घोषणा गरिएको छ । नेपाल र चीनले मङ्गलवार संयुक्त रुपमा आयोजित कार्यक्रममा नयाँ उचाइको घोषणा गरेका हुन् ।



नयाँ उचाइ यसअघि नेपालले मानिआएको उचाइभन्दा ८६ सेन्टिमिटरले बढी छ । चीनले भने यसअघि सगरमाथाको उचाइ ८,८४४।३३ मिटर रहेको बताउँदै आएको थियो, जुन उस्का अनुसार चट्टानको उचाइ थियो । नेपाल र चीनका सर्भे अधिकारीले छुट्टाछुट्टै गरेको सर्वेक्षणको संयुक्त रुपमा प्रशोधन गरी अन्तिम रुप दिएको भनिएको सगरमाथाको उचाइलाई अनुमोदन गर्ने निर्णय नेपालको मन्त्रिपरिषद्को मंसिर १० गतेको बैठकले गरेको थियो ।

नेपालले सगरमाथाको उचाइ नापेको यो पहिलो पटक हो । सगरमाथापछिको सबैभन्दा अग्लो हिमाल केटुको उचाइ ८,६११ मिटर रहेको छ जुन पाकिस्तान-चीन सिमामा पर्दछ ।

सगरमाथाको उचाइ नाप्न नापी प्राविधिक पहिलो पटक टुप्पैसम्म पुगेकाहुन् । बेइजिङ र काठमाडौँमा एकसाथ कार्यक्रम गरेर उचाइ सार्वजनिक गरिएको हो । नेपालका तर्फबाट उक्त समारोहमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याल, परराष्ट्र मन्त्रालय तथा नापी विभागका उच्च अधिकारीहरु सहभागी थिए ।

परराष्ट्रमन्त्री ज्ञवालीले सगरमाथाको हिउँ सहितको नयाँ उचाइ सार्वजनिक गरेका थिए । राष्ट्रपति विद्यादेबी भण्डारीले यसलाई ऐतिहासिक उपलब्धि भन्दै चीन र नेपाल दुवै सरकारलाई बधाई दिएकी थिइन् ।

(बीबीसी)

## महागुरु फाल्गुनन्द लिङदेनको तस्वीर

# हिन्दु धार्मिक गतिविधिहरुमा प्रयोग आपत्ति जनाए



–सन्दर्भ समाचारदाता

दमक । राष्ट्रिय बिभूति तथा किरात धर्मका महागुरु फाल्गुनन्द लिङदेनको तस्वीर हिन्दु धार्मिक गतिविधिहरुमा अनाधिकृत रुपमा समावेश गरिदै आएको प्रति त्यस सम्बद्ध धार्मिक संस्थाहरुले आपत्ति जनाएका छन् । २०६२/०६३ सालको लोकतान्त्रिक आन्दोलनमार्फत देशले २०७२ साल असोज ३ गते धर्मनिरपेक्षतालाई अंगिकार गरेको वर्तमान अवस्थामा पछिल्ला केहिदिन यता काठमाडौंसहित देशैभरि हिन्दु धर्म तथा राजसंस्थाको पक्षमा जनप्रर्दशन हुदैआएको र त्यस्ता प्रर्दशनमा किरात धर्मका महागुरुको समेत तस्वीर समावेश गरि दुरुपयोग भएको भन्दै धार्मिक संस्थाले आपत्ति जनाएका हुन् ।

किरात धर्म तथा साहित्य उत्थान संघका केन्द्रीय अध्यक्ष डकेन्द्रसिंह थेगिमले विज्ञप्ति निकालेर हाल मुलुकमा स्थापित संघीयता , लोकतान्त्रिक गणतन्त्र , धर्म निरपेक्षता र मुलुकको समृद्धि , शान्ति र अमनचयन नचाहने केही प्रतिक्रियाबादी अति हिन्दुबादी तत्वहरूले मुलुकलाई हिन्दुराष्ट्र कायम गर्न र धर्म निरपेक्षताको संबैधानिक ब्यबस्थालाई खारेज गर्न माग गर्दै सनातन संस्कृति समाज नेपाल, केन्द्रिय समितिले किरात धर्मदर्शनका पुर्नरुत्थानकर्ता राष्ट्रिय बिभूति महागुरुको तस्वीरलाई अनाधिकृत तवरले आफ्नो ब्यानरमा राखेर दुरुपयोग गर्दै आएको उल्लेख छ ।

धर्म निरपेक्षताको संबैधानिक ब्यबस्था स्थापित गर्न किरात धर्मका अनुनायीहरुको समेत उतिकै योगदान रहेको स्मरण गर्दै संघले त्यस विरुद्धको गतिविधिमा किरात धर्मावलम्बीहरुको साथ र सहयोग नरहने स्पष्ट पारेको छ ।

राप्रपाले केहिदिन अघि झापामा गरेको हिन्दु राष्ट्र कायम गर्न माग राख्दै निकालेको शक्ति प्रर्दशनमा महागुरुको तस्वीर समेत राखेको पाईएपछि संघले सार्वजनिक रुपमा आपत्ति जनाएको हो ।

विज्ञप्तिमा भनिएको छ ,-'केही दिनदेखि भईरहेको तथाकथित आन्दोलनको हामी किरात धर्मावलम्बीहरुको तर्फबाट घोर भत्सर्ना गर्दछौं ।' हिन्दु धर्मका ब्यानरमा महागुरु फाल्गुनन्दको तस्वीर नहटाएको खण्डमा कानुनी प्रक्रियामा अघि बढ्न बाँध्य हुनुपर्ने समेत संघद्धारा जारी विज्ञप्तिमा जनाईएको छ ।

# सगरमाथाको भोगचलन : पानी ढलोको सिद्धान्त

काठमाडौं । सगरमाथाको विवाद पहिलोपटक २०१६ सालबाट आम रुपमा बाहिर आएको हो । त्यसअघि सगरमाथामा चीनले दाबी गरेको थियो-थिएन भन्ने कुनै तथ्य भेटिँदैन । २०१६ साल फागुनमा चीन भ्रमण गरेर फर्किएपछि तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले चीनले सगरमाथा आफ्नो भएको दाबी गरेको सार्वजनिक गरेका थिए ।

तर त्यसबेलाका सञ्चारमाध्यममले चीनले गरेको उक्त दाबी प्रधानमन्त्रीले बताएको उल्लेख गरेका थिएनन् । कारण उनले सञ्चारमाध्यमलाई 'अफ द रेकर्ड' भन्दै जानकारी दिएका थिए । भलै उक्त जानकारी बीपी कोइरालाले नै दिएको धेरैले अनुमान लगाएको पत्रकार भैरव रिसाल बताउँछन् ।

"२०१६ साल फागुन २७ गते बीपी कोइराला चीन जानुभयो । चीनबाट फर्किएलगत्तै उहाँले काठमाडौंको एक नम्बर गेष्ट हाउसमा पत्रकार सम्मेलन गर्नुभयो, भैरव भन्छन्, पत्रकार सम्मेलन सकियो । चिया खाजा खानलाई उठ्ने बेला भएको थियो । त्यही समय बीपी कोइरालाले अफ द रेकर्ड भनेर चीनले सगरमाथा दाबी गर्‍यो भन्नुभयो । त्यो समाचार भोलिपल्टका अन्तर्राष्ट्रिय समाचार माध्यमहरुमा ब्यानर न्युज बनेर आयो ।

"त्यो बेला अन्तर्राष्ट्रिय सञ्चारमाध्यम धेरैजसो भारतीय हुन्थे । चिया खाजा खान तयार भएका उनीहरु हतारहतार गरेर हिँडे । अहिलेको जस्तो घरघरबाट समाचार पठाउने व्यवस्था थिएन । एक नम्बर गेष्ट हाउसकै छेउमा टेलिकम्युनिकेसन थियो । त्यसबाट पठाउनुपर्‍थ्यी । उनीहरु सबै त्यहाँ गएर समाचार पठाए, भैरव सम्झिन्छन्, "म चाहिँ प्रधानमन्त्रीको कार्यक्रममा मिठो चिया खाजा खान पाइन्छ भनेर खान थालेँ । दिउँसो हालखबर दैनिकको कार्यालय गएर सानो समाचार लेखेँ । अफ द रेकर्ड भन्दै बीपीले सगरमाथा चीनले मेरो भनेर दाबी गरेको बताए भनेर लेखेँ । समाचार हेरेपछि मलाई भनियो, अफ द रेकर्ड भनेपछि सूचना दिने मान्छेको नाम नलेख्नु भनेको हो । मैले पत्रकारिता नपढेका कारण पत्रकारिताको टर्म्स बुझिनँ त्यो बेला । मैले दुई प्याराको समाचार बनाएँ । तर भोलिपल्टका भारतीय अखबारहरुमा त त्यो समाचार ब्यानर न्युज भएर आएछ ।



बीपीले चीनले सगरमाथा दाबी गरेको बताएपछि यो मुद्दा बहसमा आएको भैरव बताउँछन् ।

बीपी कोइरालाबारे अध्ययन गरेका पुरुषोत्तम बस्नेतका अनुसार चीनमा माओत्सेतुङले बीपीलाई सगरमाथा तपाईंको पनि आधा हाम्रो पनि आधा यसलाई मितेरी शिखर भनौं भन्ने प्रस्ताव राखेका थिए । तर बीपीले नकार्दै भनेका थिए- सगरमाथा कसरी तपाईंहरुको हो ? सगरमाथा त हाम्रो हो । माओत्सेतुङले तपाईंहसँग यसको नाम त छैन भन्दा जवाफमा बीपीले ' हामी यसलाई सगरमाथा भन्छौं' भनेको पुरूषोत्तम बताउँछन् ।

"पछि ०१७ को वैशाखमा नेपाल आएका चाउ एनलाइले हाम्रो नक्सामा पनि सगरमाथा समावेश छ । नेपालको नक्सामा पनि समावेश रहेछ । हामीले नेपालले दिएको नक्सा मान्यौँ । हामीले हाम्रो दाबीलाई फिर्ता लियौँ भनेपछि सगरमाथा आधिकारिकरूपमा हाम्रै भयो, पुरूषोत्तम भन्छन्, पछि राजा महेन्द्रले पानी ढलो सिद्धान्तका आधारमा आधाआधा गरेका हुन् ।

सीमा सम्झौतामा पनि यो विषयमा कुरा नमिले पछि चीनका तत्कालीन प्रधानमन्त्री चाउ एनलाई दोस्रोपटक विं.सं. ०१७ वैशाखमा आउँदा सहमति भएको हो । पानी ढलोको सिद्धान्तअनुसार सहमति गरियो । आकाशबाट परेको पानी जहाँबाट नेपालतर्फ बग्छ त्यो भाग नेपालको र जहाँबाट आकासको पानी चीनतर्फ बग्छ त्यहाँबाट चीनको भूभाग हुने सहमति भएको थियो ।

# हुलाकी राजमार्ग दुई वर्षभित्रमा सञ्चालनमा आउने



–सन्दर्भ समाचारदाता

भद्रपुर । झापाको भद्रपुरदेखि सप्तरीसम्म निर्माण भइरहेको हुलाकी राजमार्ग आगामी दुई वर्षभित्रमा सञ्चालनमा आउने भएको छ । तीन सय ४३ किलोमिटर लामो हुलाकी र ाजमार्ग करिब ४८ प्रतिशत काम सम्पन्न भइसकेको छ ।

चालु आर्थिक वर्षमा पुलको काम सम्पन्न गर्ने र दुई वर्षभित्रमा सडकको काम सम्पन्न गर्ने आयोजना प्रमुख दीपेन्द्र पाण्डेले बताए । रङ्गेलीको केही स्थानमा निर्माण डिजाइन अनुसार नभएको र विराटनगरमा कोशी राजमार्ग पूर्वपश्चिम जोड्नका लागि समस्या भएको पाण्डेको भनाइ छ ।

महेन्द्र राजमार्गपछि दोश्रो महत्वपूर्ण मानिएको हुलाकी राजमार्ग निर्माणका लागि दक्षिणी भेगका जनताले वर्षौंदेखि आवाज उठाइरहेका छन् । यो राजमार्ग निर्माण भएपछि महेन्द्र राजमार्गको भार मा कमी आउने र दक्षिणी क्षेत्रका जनताको जीवनस्तरमा पनि परिवर्तन आउने छ ।

# शिक्षकमा कोरोना पुष्टि भएपछि बिद्यालय बन्द



–सन्दर्भ समाचारदाता

भद्रपुर । विद्यालयका शिक्षकमा कोरोना भाइरस संक्रमण पुष्टि भएपछि झापाको हलि्दवारी गाउँपालिका वडा नं.-४ स्थित महेन्द्र मावि मंगलबारदेखि बन्द भएको छ । यो संगै शिक्षकमा कोरोना संक्रमण पुष्टि भएर हलि्दवार ीमा बन्द हुने विद्यालयको संख्या तीन पुगेको छ । यसअघि हलि्दबारी-२ स्थित हलि्दबारी मावि र हलि्दबारी-५ को धनुषा आधारभूत विद्यालयका शिक्षकमा कोरोना संक्रमण पोजेटिभ देखिएपछि ती दुई विद्यालय पनि बन्द रहेका छन् ।

सरकारले विद्यालय सञ्चालनको अधिकार स्थानीय तहलाई दिएपछि हलि्दबारी गाउँपालिकाको निर्देशनमा गत मंसीर १५ गतेदेखि भौतिक रुपमै शिक्षक र विद्यार्थीका उपस्थितिमा ६ कक्षादेखि माथि तह भएका विद्यालयहरु सञ्चालनमा आएका थिए । २०७६ साल चैतदेखि बन्द रहेका विद्यालयहरु पुनः सञ्चालनमा आएपनि विद्यार्थीको न्यून उपस्थिति रहँदै आएको थियो ।

उपस्थित विद्यार्थीहरुलाई दुई चरणमा प्रति बेन्च एकजनामात्र विद्यार्थी र ाखेर पठन पाठन सुचारु गर्दै आइए पनि शिक्षकमा कोरोना संक्रमण पुष्टि भएपछि मंसीर ३० गतेसम्मका लागि विद्यालय बन्द गरिएको महेन्द्र मावि बडाबारीका शिक्षक सिताराम खरेलले बताए । १७ वटा सामुदायिक विद्यालय रहेको हलि्दवारीका कक्षा ६ देखि माथि पढाई हुने ६ वटा विद्यालयमा मंसिर १५ देखि पढाई शुरु भएको थियो ।

## सरकारको चरम लापर्वाहीका कारण

# मानवअधिकार उलंघनका घट्नाहरु घट्ने गरेको



–रेवतीराज घिमिरे

भद्रपुर । झापाका कानुन व्यावसायीहरुले बर्तमान् सरकारको चरम लापर्वाहीका कारण दिनदिनै देशमा मानवअधिकार उलंघनका घट्नाहरु घट्ने गरेको बताएका छन् । ७२ औं विश्व अन्तरराष्ट्रिय मानव अधिकार दिवस २०२० को अवसरमा मानव अधिकार तथा जनसरोकार समिति नेपाल वार एशोसियसन झापा द्वार चन्द्रगढीमा आयोजीत कार्यक्रममा सहभागी झापाली कानुन व्यावसायीहरुले सो कुरा बताएका हुन् ।

कोभिड १९ मा मानव अधिकारको बर्तमान् अवस्था र कानुन व्यावसायीहरुको भुमीका विषयक कार्यक्रमका सहभागि अधिकांश कानुन व्यावसायीले, राज्यले मानव अधिकार उलंघनकर्ताको संरक्षण

बाँकी पृष्ठ ४ मा

# कित्ताकाट गर्ने निर्णय सर्वौच्चद्वारा खारेज

–सन्दर्भ समाचारदाता

भद्रपुर । सरकारले गत भदौ १८ गते जग्गाको कित्ता काट गर्न पाइने निर्णयलाइ सर्वोच्च अदालतले खारेज गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्र राणा र न्यायाधीश मनोज शर्माको इजलासले जग्गा रोक्काको निर्णय खारेज गर्न माग गर्दै परेको रिटमा सुनुवाइ गर्दै उक्त निर्णय जारी गरेको सवीच्च अदालतको वेबसाइटमा उल्लेख छ । अधिवक्ता सन्तोष भण्डारीले दिएको रिटमाथि दुवै पक्षको बहस सुनेर सवीच्चले यस्तो निर्णय गरेको हो ।

रिट निवेदक अधिवक्ता भण्डारीले भने, 'कृषि योग्य जमिन मास्ने गरी सरकारले गरेको कित्ताकाटको निर्णय खारेज गर्न हामीले माग गरेका थियौं । हाम्रो रिटमाथि सुनुवाइ भयो हाम्रो माग अनुसार रिट जारी भयो,' । भू-उपयोग ऐन २०७६ दफा ८ ले जुन प्रयोजनको लागि तोकिएको जग्गा हो, त्योबाहेक अर्को कामका लागि उक्त जग्गा प्रयोग गर्न नपाइने भनेको छ । सरकारको कित्ताकाट गर्ने निर्णय कानुनविपरीत भएको भन्दै अधिवक्ता भण्डारीले रिट दायर गरेका थिए । भूमि व्यवस्था मन्त्रालयले गत भदौ १८ गते जग्गाको कित्ता काट गर्न पाइने निर्णय गरेको थियो ।

# भ्रुक्याई नेकपामा प्रवेश गराएकोमा आपत्ति

– सन्दर्भ समाचारदाता

गौरीगंज । आफुहरूलाई झुक्याई नेकपामा प्रवेश गरेको भन्दै नाम सार्वजनिक भएकोमा २२ जनाले आपत्ति जनाएका छन् । गौरीगंज गाउँपालिका वार्ड नं. ६ कन्चिराका फोरम लोकतान्त्रिक पार्टीबाट समायोजन भई नेपाली कांग्रेसका २२ जना सक्रिय सदस्यहरूले आपत्ति जनाएका हुन् । नेपाली कांग्रेस गौरीगंज गाउँपालिका वार्ड नं. ६ को वडा भेलामा आज उनीहरूले झुक्याएर नेकपामा प्रवेश गराएर नाम सार्वजनिक गरेको बताए । फोरम लोकतान्त्रिक पार्टीबाट समायोजन भई नेपाली कांग्रेसका सक्रिय सदस्य मो. लजिमले हामीहरूलाई सोध्यै नसोधि झुक्याएर मो. आसामुदिनले पार्टी प्रवेश गराएर २२ जनाको नाम दिएको बताए । एक्कै चोटी हाम्रो निधारमा अबिर दल्न थाले मो. लजिमले भने - 'पछि पो थाहा भयो पार्टी प्रवेश गराएको भनेर' ।



प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मो. आसामुदिन मियाँको अगुवाईमा कन्चिराका २८ जनाको नेकपामा प्रवेश गराईएको नाम सार्वजनिक भएको थियो ।

# विप्लव समूह प्रहरी प्रशासनको चुनौति बन्दै



– सन्दर्भ समाचारदाता

भद्रपुर । राज्य व्यवस्थाप्रति असहमत रहेर विद्रोहमा उत्रेको नेकपा माओवादी (विप्लव) समूहले व्यक्ति हत्याको रणनीति सार्वजनिक गर्दै मैदानमा उत्रेपछि सुरक्षा व्यवस्थामा चुनौति थपिएको छ ।

मोरङको पहाडी गाउँ मिक्लाजुङमा मंगलबार बिहान सो समूहले एक निहत्था शिक्षकको घाँटी रेटेर हत्या गरेपछि आफ्नो रणनीतिमा बाधा पुर्‍याउनेमाथि हत्यासम्मको रणनीति बाहिरिएको हो ।

नेपाल प्रहरीले उपलब्ध गराएको तथ्यांक अनुसार प्रतिबन्ध लगाएयता सो समूहका एक हजार ९ सय ४७ जना पक्राउ परेका छन् । जसमा १ हजार ६ सय ७८ जना छुटेका छन् भने १४३ जनालाई मात्रै अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश

बाँकी पृष्ठ ४ मा

# आयुर्वेदिक औषधिको प्रयोग बढ्यो

भद्रपुर । पछिल्लो समय मुलुकमा आयुर्वेदिक औषधिको प्रयोग बढ्न थालेको छ । विश्वभर फैलिरहेको कोरोना भाइरसको औषधि नभएपछि शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन आयुर्वेदिक औषधिको प्रयोग बढेको हो । कतिपय आयुर्वेद चिकित्सक तथा औषधालयहरूले समेत कोरोना निको पार्ने भन्दै विभिन्नखाले औषधि बिक्री वितरण गर्ने गरेको पाइन्छ । आयुर्वेदिक औषधिले कोभिड संक्रमित र अन्य प्रयोगकर्तालाई कस्तो फाइदा पुगिरहेको छ भन्ने ठोस अध्ययन अनुसन्धान नभए पनि यसको बिक्री भने बढेको छ ।

मूलतः रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि सर्वसाधारणले आयुर्वेदिक औषधिको प्रयोग गर्ने गरेका छन् । जसको शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढी छ, त्यसलाई कोरना भाइरस संक्रमण भइहाले पनि ठूलो असर गर्दैन भन्ने मान्यताका कारण आयुर्वेदिक औषधिको प्रयोग बढेको हो । आयुर्वेदिक औषधिको साइड इफेक्ट नहुने भएकाले पनि सर्वसाधारणले निश्चिन्त भएर उपयोग गर्ने गर्दछन् । राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रका अनुसार चैतयता आयुर्वेदिक औषधिको खपत ९९ प्रतिशतले बढेको छ ।

केन्द्रका कार्यकारी निर्देशक



डा।रामआधार यादव कोभिडपछि आयुर्वेदिक औषधि ९९ प्रतिशत नागरिकले प्रयोग गरको दाबी गर्छन् । "पहिलेको भन्दा कोभिडपछि आयुर्वेदिक औषधि प्रयोग गर्नेको संख्या ह्वात्तै बढेको छ, उनी भन्छन्,"यसमा पनि नेपाली जडिबुटीको प्रयोग बढ्न थालेको छ । खासगरी तुलसी, गुजी, असुरो, दालचिनीको प्रयोग बढेको छ । उनका अनुसार विगतमा जनचेतनाको कमीले गर्दा उत्पादनमा ध्यान दिन नसकिए पनि पछिल्ला दिनमा यसको खेती गर्ने लहर नै चलेको छ । औषधीय गुण भएका यस्ता वस्तुको महत्व थाहा पाएपछि उत्पादन बढाउनुपर्ने निष्कर्षमा स्थानीय सरकारसमेत पुग्नु सकारात्मक भएको उनको भनाइ छ ।

केन्द्रले आयुर्वेदिक औषधि प्रयोग बढ्नुलाई सकारात्मक रूपमा लिए पनि एलोपेथिक चिकित्सकले भने जथाभावी रूपमा आयुर्वेद तथा जडिबुटीको प्रयोग नगर्न सुझाएका छन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका वरिष्ठ चिकित्सक डा।शेरबहादुर पुनले प्रमाणित नभएका औषधि खाँदा मानव स्वास्थ्यमा झन् समस्या थपिएको बताए ।

म आयुर्वेद औषधि प्रयोग गर्नै हुन्न भन्ने पक्षमा छैन, किनकी आयुर्वेद पनि विज्ञान नै हो र कतिपय हाम्रा जडिबुटीहरूमा औषधिजन्य गुण पनि छन्, डा.पुन भन्छन्, "तर, पछिल्लो समयमा कुनै पनि डाक्टरको सुझावबिना जथाभावी रूपमा जडिबुटी तथा आयुर्वेदको औषधि प्रयोग गरेको पाइएको छ, औषधि भन्दैमा धेरै खान पनि हुँदैन, कहिले कुन मात्रामा कुन आयुर्वेदिक औषधि प्रयोग गर्ने भनेर विषेशज्ञहरूसँग पनि सुझाव लिन जरुरी छ । कोभिडबाट बचिन्छ भन्ने भ्रममा जथाभावी रूपमा औषधि सेवन गर्दा अन्य समस्या आउनसक्ने उनको भनाइ छ ।

# बिबाहमा हुने खर्च कटाएर सामाजिक संस्थालाई सहयोग

दमक । झापाको कमल गाउँपालिका २ समयगढकी अस्मिता न्यौपाने र मेचीनगर ७ काँकरभिट्टाका मनोज मैनालीबीचको बैबाहिक कार्यक्रममा हुने खर्च कटौती गर्दै नवजोडीले एक सामाजिक संस्थालाई रु २६ हजार रुपैयाँ नगद सहयोग गरेका छन् । अस्मिताले आफू आवद्ध संस्था बोलोचोक विकास समितिका गतिबिधिहरुमा सहयोग पुऱ्याँउने उद्धेश्यले विवाहको फजुल खर्च कटौती गर्दै सो संस्थामा आर्थिक सहयोग गरेकी हुन् । ती जोडीको मंसिर २६ विवाह भएको थियो । बोलोचोक विकास समितिद्धारा सामाजिक सञ्जाल फेसबुक मार्फत सञ्चालन हुँदै आएको लाईभ कार्यक्रम संञ्चालिका न्यौपानेले सामाजिक रीतिरिवाजमा हुने खर्च सामाजिक काममा लगाउन सो सहयोग रकम प्रदान गरेकी हुन् । उनले अहिले विश्व नै कोभिड-१९ महामारीमा भएकाले यस्तो बेला फजुल खर्च नभई गरिब, असहाय, विपन्न साथै सामाजिक कार्यमा राहत तथा सहयोग चाहिएको बताउँदै उनले अनावश्यक खर्चभन्दा उपलब्धि हुने गरी खर्च गर्नुपर्ने बताईन् ।

**राजतन्त्र....**

मागमै हो । त्यस्तै राजसंस्था पुनर्स्थापनामा पनि उनीहरू एक देखिएको पाइएको छ । तर हिन्दू राष्ट्रबारे भने यी समूहबीच पनि फरक मतहरू रहेका छन् । कसैले हिन्दू धर्मसापेक्ष राज्यको माग गरिरहेका छन् भने कसैले हिन्दू अधिराज्य ।

यी प्रदर्शनहरूमा समर्थन र सहभागिता पनि जनाइरहेको विश्व हिन्दू महासङ्घले हिन्दू अधिराज्यको माग गरिरहेको छ । महासङ्घ अन्तर्राष्ट्रिय समितिकी महासचिव अस्मिता भण्डारी भन्छिन्, "हामीले स्थापनाकालदेखि नै हिन्दू अधिराज्य र हिन्दू अधिराज मान्दै आएका हौँ । त्यसैले हाम्रो यो आन्दोलनमा समर्थन र सहकार्य छ ।" राष्ट्रिय नागरिक आन्दोलनका संयोजक न्यौपाने चाहिँ नेपाल "हिन्दू, बौद्ध र किराँत धर्मसापेक्ष राज्य" हुनुपर्ने बताउँछन् । "नेपाललाई हिन्दू अधिराज्य मात्र होइन बौद्ध र किराँतलाई पनि समेट्नुपर्छ भन्ने हाम्रो मान्यता ।" आन्दोलनरत अन्य सङ्गठन र राप्रपाले समेत हिन्दू राज्यको माग गरिरहेका छन् ।

राजसंस्था पक्षधरहरूको प्रदर्शनलाई नजिकबाट नियालेको बताउनेहरूका अनुसार यी प्रदर्शनहरूमा युवा आकर्षण देखिएको छ । त्यसको कारणबारे पत्रकार गौतम भन्छन्, "मेचीदेखि महाकालीसम्म आन्दोलन फैलिएको छ । त्यसमा नवोदित युवा बढी देखिएका छन् ।" नेताको मुख ताक्नुभन्दा बलियो राष्ट्रवाद चाहिन्छ भन्नेहरू सहभागी भएको देखिन्छ । उनीहरूले एउटा बलियो सिंहको खोजी गरेका छन् ।" उनी "पछिल्लो समय नेपाल विदेशीको खेल मैदान भएको र नेताहरूले व्यक्तिगत स्वार्थका लागि राष्ट्रिय स्वार्थलाई नै दाउमा लगाएको" देखेकाले युवाहरू "आक्रोशित र क्रुद्ध" बनेको बताउँछन् ।

उता गणतन्त्र र सङ्घीयताका प्रखर समर्थक प्राध्यापक कृष्ण खनाल चाहिँ यो गतिविधिमा केही युवाको सङ्ख्या बढेको देखिनुलाई अहिलेको सरकारको कार्यशैलीसँग जोडेर हेर्छन् । उनी जनअपेक्षाअनुसार सरकारले काम गर्न नसक्दा "असन्तुष्टिका रूपमा" त्यो पोखिएको र राजावादीहरूले जुर्मुराउने अनुकूल समय पाएको बताउँछन् । प्रा. खनाल भन्छन्, "यो सत्ताधारी दलको नन(डेलिभरी र सोशल मिडियाको प्रभावको संयुक्त असरका रूपमा देखापरेको देखिन्छ ।" उनी सीधै अगाडि राप्रपा नदेखिएर विभिन्न समूहका नाममा प्रदर्शन हुनुलाई पनि शङ्काको दृष्टिले हेर्छन् । खनालले भने, "राप्रपाको ट्रेडमार्क नबिकेपछि अरूलाई उपयोग गरेर विकल्पका रूपमा नागरिक आन्दोलन सुरु गरेको जस्तो देखिन्छ ।" तर आन्दोलनकारीहरू खनालको जस्तो आरोप धेरैले लगाएको भन्दै त्यसलाई स्वीकार्न तयार छैनन् ।

न्यौपाने भन्छन्, "अहिले देशको यो अवस्था बनाएको र राजसंस्थालाई अन्त्य गर्ने भूमिका खेलेकै राप्रपा र पञ्चहरूले हो । उनीहरू आन्दोलनमा आउँछन् भन्ने समस्या भएन, तर हामीले त उनीहरूसहित सबैको सम्पत्ति छानबिन हुनुपर्छ भनेका छौँ ।" वीर गोर्खालीका भण्डारी पनि "आफूहरूले राप्रपासँग धर्म र राजसंस्थाबारे उनीहरूसँग कुरा नमिलेरै छाडेकाले उनीहरूले उपयोग गर्न नसक्ने" दाबी गर्छन् ।

पछिल्लो आफ्नो सार्वजनिक सन्देशमा पूर्वराजा ज्ञानेन्द्रले नेपाली जनताले अहिलेको राजनीतिक प्रवृत्तिबाट उन्मुक्ति खोजेको सङ्केत गरेका थिए । पछिल्लो पटक दशैँको उपलक्ष्यमा शुभकामना सन्देश जारी गर्दै पूर्वराजा ज्ञानेन्द्रले कोरोनाभाइरस महामारीमा "जिम्मेवार पक्षबाट" व्यवस्थापकीय कौशल प्रस्तुत हुन नसकेको बताएका थिए । "सबै नेपाली जनता अभिभावकविहीन टुहुरा बनेको पीडाबोध" भएको उनको सन्देशमा उल्लेख छ ।उनले नेपालमा विकृति बढेको भन्दै उक्त सन्देशमा भनेका थिए, "समाजमा अनेक आपराधिक गतिविधि र पिशाच प्रवृत्ति बढ्दो छ । यसले मानसिक तावको परिस्थिति पनि खडा गरेको छ । त्यसैले आज सबैले बढ्दो आसुरी र भस्मासुरी प्रवृत्तिबाट उन्मुक्ति चाहिरहेका छन् ।"

बीबीसीसँग कुराकानी गर्दै पूर्वराजाका स्वकीय सचिव सागर तिमिल्सिनाले अहिले देशभरि भइरहेको आन्दोलनमा पूर्वराजाको कुनै संलग्नता नभएको बताए । उनले भने, "यसमा हाम्रो कुनै संलग्नता छैन । तर आन्दोलनलाई हामीले हेरिरहेका चाहिँ छौँ ।" उनले पूर्वराजाले जनभावनाअनुरूप चल्ने पटकपटक बताउँदै आएकाले उनी कहिल्यै त्यसविपरीत नजाने बताए ।

आन्दोलनकारीहरूकै भनाइमा उनीहरू अहिले सडकमा आउनुमा नेपाल धर्मनिरपेक्ष बनेपछि धर्मान्तरण बढ्नु र कोरोनाभाइरस महामारीको कारण देखाएर देशभरिका मन्दिहरू बन्द गरिनु पनि अर्को कारण हो । बीबीसीसँगको कुराकानीमा केही महिनाअघि इतिहासकार महेशराज पन्तले पनि नेपालको इतिहासमा "पहिलो पटक मन्दिरहरूको पूजाआजा बन्द गरिएको आफूले पाएको" जानकारी दिएका थिए ।

धर्मान्तरण गर्न छुट दिइनु र पशुपतिनाथ मन्दिर पनि बन्द गरिनुले अहिले धेरै हिन्दूवादीहरू आक्रोशित हुँदा उनीहरू राजसंस्था पुनर्स्थापनाको आन्दोलनमा आएको बताइन्छ । जानकारहरूका अनुसार नेपाल राष्ट्रवादी समूहले मंसिर १० गते जनकपुरमा गरेको कार्यक्रमको व्यवस्थापन नै त्यहाँका मन्दिरका पुजारी र व्यवस्थापन समितिका मानिसहरूले गरेका थिए । विश्व हिन्दू महासङ्घ अन्तर्राष्ट्रिय समितिकी महासचिव अस्मिता भण्डारी पनि "धर्मान्तरण र नेपालको सांस्कृतिक अस्तित्व समाप्त पार्ने अभियान"का विरुद्ध धेरै धार्मिक सङ्गठनले यो आन्दोलनमा सहभागिता जनाएको बताउँछिन् ।

अहिले भइरहेका प्रदर्शनमा पूर्वराजा ज्ञानेन्द्रको कुनै "संलग्नता नभएको" उनका स्वकीय सचिवले बताएका छन् । तर राप्रपाका तीनमध्येका एक अध्यक्ष डा. प्रकाशचन्द्र लोहनी पूर्वराजा ज्ञानेन्द्र शाहको गतिविधिले पनि धेरैलाई अहिले फेरि राजाप्रति विश्वास बढेको बताउँछन् । उनले भने, "राजाले जुन किसिमले शासन छाडे, 'तिम्रो नासो तिमीलाई दिएँ' भनेर नागार्जुनको जङ्गलमा गएर बसे ( यो अभूतपूर्व उदाहरण हो । र, १२ वर्षसम्म शालीन भएर बसे ।" "नेपालको राष्ट्रियताका पक्षमा आवाज उठाएल। नागरिकको हैसियतमा बोले । मर्यादाको तह राखे । नेपाल छाडेर गएनन् । त्यसले गर्दा अहिलेका भुइँफुट्टा वर्गभन्दा त संविधानभित्रको राजसंस्था नै ठिक भन्ने भयो ।" उनी जनताले अपेक्षा गरेअनुसार झन्डै दुईतिहाइको सरकारले पनि केही गर्न नसकेको र "नवसामन्तवादी जसरी भुइँफुट्टा वर्गको उदय" भएकाले पनि जनतामा राजसंस्थाप्रति मोह बढेको बताउँछन् । उनी अभिभावका रूपमा नेपालीले राजसंस्थालाई खोजिरहेको दाबी गर्छन् ।

आन्दोलनकारीहरूले यो आन्दोलनको सुरुवात मात्र भएको र चाँडै निर्णायक आन्दोलन भई नेपालमा राजसंस्था पुनर्स्थापना हुने दाबी गरिरहेका छन् । उनीहरूले उक्त तर्कलाई पुष्टि गर्न राजतन्त्र समाप्त भएर फेरि राजसंस्था फर्किएको ब्रिटेनको उदाहरण दिने गरेका छन् त्यस्तै बेल्जियम, स्पेन र केही दशकअघि मात्र क्याम्बोडियामा राजसंस्था पुनर्स्थापना भएकाले नेपालमा पनि त्यो सम्भव हुने उनीहरूको भनाइ छ ।

पत्रकार गौतम भन्छन्, "इतिहासमा अन्तिम सत्य भन्ने केही पनि छैन । नेपालका छिमेकी मुलुकहरूले पनि यहाँ एउटा स्थायी शक्ति आवश्यक छ भन्ने अहिले महसुस गरेका छन् । त्यसले पनि यो सम्भावना रहेको छ ।" प्राध्यापक खनाल चाहिँ नेपालमा राजतन्त्र फेरि फर्केला भन्ने ठान्दैनन् । उनका अनुसार नेपालमा राजतन्त्र समाप्त भएको लामो समय नभएकाले उक्त शक्ति नेपालमा कायमै छ र त्यसले बेलाबेला आफ्नो शक्ति देखाउन खोज्छ त्यस्तै राप्रपाजस्ता दलका लागि आफ्नो राजनीतिक आधारका लागि पनि यस्ता एजेन्डा चाहिरहने भएकाले अहिले प्रदर्शन भएका हुन् । तर राजतन्त्र नै फर्किहाल्ने अवस्था नरहेको उनको तर्क छ । लोहनी र गौतम चाहिँ नेपालमा राजसंस्थासहितको प्रजातन्त्र आवश्यक रहेकाले बृहत् मोर्चा बन्न सक्ने र त्यसले राजसंस्था पुनर्स्थापना गर्न सक्ने ठान्छन् । लोहनी त राप्रपाले त्यसका लागि बृहत् प्रजातान्त्रिक मोर्चा बनाउन पहल गर्ने समेत बताउँछन् ।

गणतन्त्रका अर्का एकजना प्रखर समर्थक कृष्ण पहाडी चाहिँ "लोकतान्त्रिक गणतन्त्रमा कसैले व्यवस्थाको विरोध गर्दैमा डराउनु नपर्ने" बताउँछन् । तर अहिलेको सत्ताको कार्यशैलीले जनतामा निराशा छाएको र त्यो सडकमा प्रतिविम्बित भएको उनको भनाइ छ । उनी "दक्षिणले हावा दिएमा" यो अहिलेको प्रदर्शनले नेपाललाई अस्थिरतामा धकेल्न सक्ने र त्यसले "कसकसलाई बढाउँछ भन्न नसकिने" बताउँछन् ।

देशभरि भइरहेका यी प्रदर्शनहरूका लागि स्थानीय प्रशासनसँग अनुमति नलिइएको गृह मन्त्रालयका अधिकारीहरूले बताएका छन् । मन्त्रालयले यसै साता सबै जिल्ला प्रशासन कार्यालयहरूलाई कोरोनाभाइरसको कारण देखाउँदै मानिसहरू भेला हुने प्रदर्शन रोक्न निर्देशन पनि दिएको छ । गृह मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले "त्यस्ता प्रदर्शन नरोकिए कानुन बमोजिम कारबाही गरिने" बताए ।

सत्ताधारी दलका नेताहरूले चाहिँ गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताविरुद्ध भइरहेको आन्दोलन सफल नहुने बताइरहेका छन् । उनीहरूले त्यो "प्रतिगामीहरूको दिवास्वप्न मात्र भएको" बताउँदै आएका छन् । यसै साता सत्ताधारी नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले सञ्चारकर्मीहरूलाई भनेका थिए, "प्रतिगामी शक्तिहरूले फेरि प्रतिगमनको सफलता प्राप्त गर्ने नसोचे हुन्छ।" "लोकतान्त्रिक अभ्यासका क्रममा लोकतन्त्रलाई सुदृढ गर्ने क्रममा केही कमी(कमजोरी भए त्यसलाई समीक्षा गरेर हामी अगाडि बढ्छौँ, तर जनताद्वारा विस्थापित शक्तिहरूले फेरि पुनः स्थापित हुने कुनै सोच नबनाए हुन्छ ।" (बीबीसी नेपाली सेवाको रिपोर्ट)

# अन्नपूर्ण हिमालले पदयात्राको दु:खकष्ट भुलाउँछ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ स्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जोड्ने 'मौरिज हगीज ट्रेल' सञ्चालनको तयारी भएको छ । आठ हजार मिटरभन्दा अग्लो हिमालको पहिलोपटक आरोहण गरेका फ्रान्सका नागरिक मौरिज हगीजको नाममा स्थापना भएको पदमार्ग सञ्चालनका लागि गाउँपालिका, नेपाल पर्यटन बोर्ड र ट्रेकिङ एजेन्सिज एशोसिएसन (टान) का प्रतिनिधिले स्थलगत अध्ययन गरेका छन् । मङ्सिर १४ गते आधार शिविरतर्फ गएको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुन, प्रमुख प्रशासकीय अधिकृत नवीन सुवेदी, टानका गण्डकी प्रदेश अध्यक्ष सुशील पौडेललगायतको टोली शनिबार फर्किएको छ ।

हिमाल आरोहण भएको ७० वर्षपछि आधार शिविरलाई आधारभूतस्तरको पदमार्गले जोडेर पर्यटक भित्र्याउन प्रचारप्रसार र प्रवर्द्धनमा जुटेको गाउँपालिकाका अध्यक्ष पुनले जानकारी दिए। गाउँपालिकाले नारच्याङबाट आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको उत्तरी आधार शिविर जोड्ने पदमार्गलाई 'मौरिज हगीज ट्रेल' नामकरण गरेको छ ।

"नेपाल भ्रमण वर्ष २०२० को अवसरमा यो पदमार्ग सञ्चालन गर्ने तयारी कोरोनाले प्रभावित बनायो, अध्यक्ष पुनले भने, "अब आउने पर्यटकलाई अन्नपूर्ण आधार शिविर भित्र्याउन पर्यटन व्यवसायीसँग सहकार्य गरेका छौँ । नारच्याङबाट मिस्त्रीखोलाको किनारैकिनार आधार शिविर जोड्ने पदमार्ग तयार भएको छ । हजीगले सन १९५० जुन ३ मा अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्दै आठ हजारभन्दा अग्लो हिमालमा पहिलो पाइला टेक्ने दुर्लभ कीर्तिमान बनाएका थिए । अन्नपूर्ण प्रथम आरोहण भएको तीन वर्षपछि सगरमाथामा मानव पाइला परेकाले यसलाई जेठो हिमाल पनि भनिन्छ ।

मौरिजकालीनजस्तै कठिन र 'वाइल्ड' रहेकाले अन्नपूर्ण प्रथमको आधार शिविर पदयात्रामा नयाँ 'ब्राण्ड' हुने टान गण्डकी प्रदेशका अध्यक्ष पौडेलको भनाइ छ । पुराना पदमार्ग सडकले विस्थापित भएका छन् उनले भने, "थप पूर्वाधार निर्माणसँगै प्रचारप्रसार गरेर सडकका कारण छोटिएको पदयात्रा पर्यटनलाई यसतर्फ आकर्षित गराउन सकिन्छ ।

गाउँपालिकाले पदमार्गको नक्सा तयार पारेको छ । गत माघ महिनामा अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गको प्रचारप्रसारका लागि नारच्याङमा प्रथम अन्नपूर्ण पर्यटन



महोत्सव सञ्चालन भएको थियो । पर्यटन विभागले पदमार्ग निर्माणका लागि ठेक्का लगाइसकेको छ । आधारभूतस्तरको पदमार्ग, झोलुङ्गेपुल, फड्के पुल, सिँढी निर्माण भएको छ । पदयात्रामा आउने पर्यटकका लागि 'सेल्टर' निर्माण भएको छ । होटल तथा लज नभएकाले 'क्याम्पिङ' पदयात्रा गर्नुपर्ने हुन्छ ।

नारच्याङबाट छोटेपा, हुमखोला, भुसकेत हुँदै तीन दिनमा आधार शिविर पुग्न सकिन्छ । हिमाल आरोहण मात्र नभएर झरना, ताल, हिमाल, वन्यजन्तु, वनस्पति पदमार्गको आकर्षण भएको संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङका अध्यक्ष तेज गुरुङले बताए। फराकिलो फाँट भएकाले दुर्घटनाको कम जोखिम भएको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिने सबैभन्दा छोटो, रमणीय र सुरक्षित यो पदमार्ग नौ वर्षअघि पहिचान भएको थियो । यसअघि मुस्ताङको कुञ्जो हुँदै भिर र जङ्गलमा एक साता हिँडेर, हेलिकप्टरमार्फत अन्नपूर्ण आधार शिविर पुग्नुपर्ने बाध्यता थियो । कतिपयले कास्कीको एबिसी क्याम्पलाई नै आधार शिविर बुझ्ने गरेका थिए ।

नारच्याङका अगुवाहरूले विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य पहिचान गरेका थिए । यो अन्नपूर्ण आधार शिविर पुग्ने सबैभन्दा छोटो बाटो हो । नारच्याङको बैँसीगाउँदेखि छोटेपासम्म नीलगिरि जलविद्युत आयोजनाले लगेको सडक नीलगिरि र अन्नपूर्ण खोलाको दोभान हुमखोलासम्म पुर्याउँदैछ ।

हुमखोलाबाट एक दिनमा भुसकेत र अर्को दिन आधार शिविर पुग्न सकिन्छ । समुद्री सतहदेखि चार हजार ५०० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्ययुक्त दृश्य रमणीय र मनमोहक छ । पदयात्राका क्रममा हिमाल, अग्ला पहाडबाट खसेका झरना, हिमताल र विभिन्न वनस्पति, फूल, चराचुरुङ्गी, वन्यजन्तुको पनि अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण आधार शिविरमा अन्नपूर्ण, फ्रेन्क, तिलिचो र नीलगिरि हिमालको फेदीमा नीलो रङ र गोलो आकारको तलाउ छ । सुक्खा र उजाड पहाडको बीचमा रहेको तालमा हिमालको छायाँ हेर्न सकिन्छ । धेरै हिमालको चुचुरो एकै ठाउँबाट अवलोकन गर्न सकिन्छ ।

यो ताल करिब एक किलोमिटर लम्बाइ र ५०० मिटर चौडाइमा फैलिएको छ । अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर प्राकृतिक हिमताल बनेको हो । लको सौन्दर्यले मोहित र प्रफुल्लित बनाउँछ । ताल र हिमाल हेरेपछि पदयात्राको दुःखकष्ट भुलाउँछ ।

**मानवअधिकार....**

गरेको वताएका छन् ।

कार्यक्रममा बोल्दै नेपाल वार एशोसियसनका पूर्व उपाध्यक्ष अशोक कुमार पोखरेलले सरकारको गैर जिम्मेवारीपनका कारण कोभिडका विमारीहरुले सहि उपचार पाउन नसकेको भन्दै वर्तमान् सरकार आफैले हरेक नागरिकको उपचारपद्धतीमा स्वास्थ्य माथि खेलवाड गरेको बताउनु भयो । उहांले सरकारले नागरिकको स्वास्थ्य उपचारका लागि भयमुक्त वातावरण बनाउन नसकेको वताउदै सरकार जनता प्रति जिम्मेवार बन्न नसकेको आरोप लगाउनु भयो । झापा वारका पूर्व अध्यक्ष गजेन्द्र आचार्यले पश्चिमी देशहरुमा समेत मानव अधिकार हनन हुने गरेको वताउदै राज्यसत्ताको कमजोरीका कारण अधिकार उलंघनका घट्नाहरु घट्ने गरेको बताउनु भयो । उहांले पूर्वीय संस्कारलाइ भुलेकै कारण उलंघनका घट्ना घट्ने गरेको बताउदै संघीय सरकारको कमजोरीका कारण नेपाली जनताले न्याय पाउन नसकेको बताउनु भयो ।

कार्यक्रममा झापा वारका अध्यक्ष लेखनाथ निरौला ,पूर्व अध्यक्षहरु अमृतकुमार बुढाथोकी , सुरज खत्री , कानुन व्यावसायीहरु वसन्त नेपाल ,हेमकला कट्टेल, लगाएतले बोल्दै अधिकार उलंघन नियान्त्रण गर्न सरकारलगाएत नागरिक समाज सहितका सरोकारवाला निकायहरु प्रतिवद्ध भएर लाग्नु पर्नेमा जोड दिनु भयो । समिति संयोजक यज्ञलक्ष्मी चौंमलागाइको अध्यक्षता तथा सचिव चुडामणी पराजुलीको संचालनमा सम्पन्न कार्यक्रमको स्वागत ज्ञानेन्द्रबहादर कार्कीले गर्नु भएको थियो । कार्यक्रममा झापाका कानुन व्यावसायीहरुको उल्लेखनीय मात्रामा सहभागिता रहेका थियो । .

**विप्लव....**

दिएको विवरणले पुष्टि गर्छ ।

सरकारले विप्लव समूहमाथि २०७५ साल फागुन २८ मा प्रतिबन्ध लगाउँदै विप्लव समूहका कार्यकर्तालाई जहाँ भेट्यो, त्यहीँबाट पक्राउ गर्न आदेश दिएको थियो । सरकारी आदेश अनुसार प्रहरी प्रधान कार्यालय, नक्सालले समूहविरुद्ध आक्रामक अपरेशन चलायो तर प्रहरीको कडाइसितै विप्लव समूहको रणनीति पनि फेरिएर हत्यासम्मका योजनामा रुपान्तरण भएपछि शान्ति सुरक्षामाथि चुनौति थपिन पुगेको छ ।

नीतिगत अस्पष्टताका कारण प्रहरीले समातेका विप्लव समूहका अधिकांश नेता, कार्यकर्ता छुटिसकेका छन् भने एउटै व्यक्ति चार पटकसम्म पक्राउ परेर पनि थुनामा राख्न नसकिएको अवस्थाले प्रहरी प्रशासनलाई हिंसा रोक्न हम्मेहम्मे पर्ने देखिएको छ ।




